नेपाली मन्दिर वस्तुकलामा प्रयोग गरिने विभिन्न सामग्रीहरूमा माटोबाट बनेका विभिन्न सामग्रीहरू पनि प्रयोग गरिएको पाइन्छ । यस सन्दर्भमा भक्तपुरको छमा गणेशको "आगं छेँ" मा प्रयोग गरिएको मृण्मय तोरण, आँखी झ्याल तथा टुँडाल अविस्मरणीय छ । साथै पाटन उबहा स्थित महाबौद्ध मन्दिरलाई नेपाली मृण्मय कलाको इतिहासमा अद्वितिय नमूना मान्नु पर्दछ । यो मन्दिर नेपाल सम्वत् ६७१ मा पं० अभयराज शाक्यले भारतको बोधगयाको मन्दिरको प्रतिरूपमा बनाइएको थियो ।[20] यसरी नेपालमा किरातकालदेखि मल्लकालसम्मको मृण्मयकलाको विकासक्रम क्रमिक रूपमा स्पष्ट हुन्छ । यसबाट नेपालमा मृण्मय मूर्ति बनाउने आफ्नै किसिमको परम्परा रहेको विदित हुन्छ । तर आजसम्म नेपाली मृण्मय मूर्तिहरू बनाउने प्रविधि उल्लेख भएका प्रचीन ग्रन्थहरू पाइएको छैन । नेपाली कलालाई सरसति हेर्दा नेपाली मूर्तिकला विशेष गरेर विष्णु धर्मोत्तर पुराण, निस्पन्नयोगावली, साधनमाला, शिवपुराण, विद्येश्वर संहीता आदि ग्रन्थहरूको आधारमा बनेको मानिन्छ ।

हिन्दू धर्म अनुसार मूर्ति बनाउने माध्यमहरू मध्ये माटोलाई सर्वोत्कृष्ट मानिन्छ । कालिकागमग्रन्थ अनुसार माटाका शिवलिङ्ग बनाउन पवित्र नदी वा पहाडको टुप्पाबाट कमेरो माटो ल्याउनु पर्दछ । उक्त माटोमा दूध, दहि, घ्यू, श्रीखण्ड, पारो, गहुँको पीठो, जौको पीठो, दुधालु रूखको बोक्रा आदिसंग मुछेर एक वर्ष वा एक महिनासम्म त्यसै राख्नु पर्छ ।[21] शिवपुराण विद्येश्वर संहीता अनुसार माटोको मूर्ति बनाउन नदीको भित्रबाट, तलाउबाट वा पोखरीबाट माटो ल्याउनु पर्छ । त्यसरी ल्याएको माटोलाई सुगन्धित वस्तुहरूसंगै मुछेर केही दिनसम्म ओसमा राखिन्छ त्यसपछि मूर्ति बनाइन्छ । यसरी बनाइएको मूर्तिलाई दूधबाट लेपन गरी तयार गरिन्छ ।[22]

---

१९) बालचन्द्र– "काठमाडौं उपत्यकाको एक राजवंशाली" प्राचीन नेपाल, पुरातत्व विभागको मुखपत्र, २०३५, संख्या ५, पृ. ६ ।

२०) डी० आर० रेग्मी– मेडभल नेपाल, पार्ट १, कलकत्ता: फर्मा के० एल० मुखोपाध्याय; १९६६, पृ. ६०२ ।

२१) टी० ए० गोपनाथ राव– एलिमेन्टस अफ हिन्दू आइकोनोग्राफी, पार्ट २, दिल्ली: मोतीलाल बनारसी दास, सेकेण्ड रिप्रिन्ट, १९८१, पृ. ७६ ।

२२) सदाशिव स० डाङ्गे – इन्साइक्लोपेडिया अफ पुराणिक, बिलिफ्स एण्ड प्राक्टीसेस भो ३, न्यूदेहली: नवरङ्ग, १९८७, पृ. ८७५ ।



CamScanner

समराङ्गण सूत्रधार अनुसार माटाका मूर्ति बनाउन पोखरी, इनार, नदीको किनार वा कुवाको जरामा खनिएको माटो ल्याउनु पर्छ । यसरी ल्याइएको माटोमा सालमली, मास, जलकुम्भी, गुगुल, त्रिफला, सुपारी, बेलफल आवश्यकता अनुसार केही बालुवा, गाईको पुच्छरको रौं, घोडाको न्याल र मरीचलको जटा राखी राम्रोसंग मुछनुपर्छ । यसरी मुछिएको माटोमा माटोको परिमाणको दोब्बर भूस, तथा केही माटो र बालुवा राख्दै निरन्तर मुछनुपर्छ । यसरी तयार भएको मिश्र पिण्डमा एक भाग कपास राखेर पुनः मुछनुपर्दछ । यसपछि पिण्डलाई गीलो कपडाले छोपी केही दिन राख्नुपर्छ । तयार भएको पिण्डबाट इच्छित मूर्ति विधान अनुसार बनाइन्छ । शिल्परत्न शास्त्रमा मृण्मय मूर्ति बनाउने विभिन्न विधानहरूको उल्लेख पाइन्छ ।[23] उपर्युक्त उल्लेखित विधान अनुरूप बनाइएका मूर्तिहरू ज्यादै टिकाउ र बलियो रहन्छ ।

काठमाडौंबाट करीब २७ कि. मी. पूर्व दिशामा बनेपा शहर अवस्थित छ । बनेपा शहरको केन्द्रबाट करीब डेढ कि. मी. पूर्व उत्तरी कुनामा शहरबाहिरी वनको छेउमा चण्डेश्वरी देवीको मन्दिर छ । यो मन्दिर परम्परागत नेपाली मन्दिर वास्तुकलाशैलीमा आधारित छ । मन्दिर तीनतले छ र गर्भगृह उत्तराभिमुख छ । मन्दिरको स्वरूप चारपाटे भैकन पनि प्रवेशद्वार मन्दिरको ठीक बीचमा नभएर केही दायाँपट्टी रहेको छ । मन्दिरको प्रवेशद्वार दुई तहको छ । गर्भगृह ठीक मन्दिरको बीचमा नभई केही बायाँतिर एउटा सानो तीन फुट जस्तो मन्दिरको सामुन्ने रहेको छ । गर्भगृहको मूर्ति काठको मूढोको आकार प्रकारको छ । स्थानीय जनविश्वास अनुसार चण्डेश्वरीको स्थापना मिथिलाका राजा हरिसिंह देवको मन्त्री चन्द्रशेखरले गरेका थिए । वर्तमान मन्दिर वि० सं० १८८६ आषाढ वदी एकमा पुरानो देवालय भत्किएकोले जगदेखि प्रारम्भ गरी नयाँ देवल बनाएको थियो ।[24] गर्भगृहको दायाँपट्टी भित्को मुतगाह्रोको आधार गरी लहरै राखिएका नौ वटा मृण्मय मूर्तिहरू छन् । यसका अतिरिक्त गर्भगृहको पूर्व दक्षिण कुनाको गाह्रोमा थुप्रै माटाका मूर्तिहरू राखिएका छन् । मन्दिरका पुजारीको भनाइ अनुसार माटाका मूर्तिहरू सङ्कटा, भैरव, वाराही, डुईया राक्षा तथा चण्डेश्वरी देवीबाट लडाईमा काटिएका राक्षसहरूका टाउकाहरू हुन् । उल्लखित मूर्तिहरू नेपाली मृण्मय कलाको एउटा ज्वलन्त उदाहरणका रूपमा लिन सकिन्छ । ती मूर्तिहरूको निर्माण विधिमा परम्परागत विधिबाट टाढा रही बेग्लै प्रविधिबाट बनाइएका मूर्तिहरू हुन् । काठमाडौं उपत्यकाभित्रका मृण्मय मूर्तिहरू रानीपोखरी स्थित विभिन्न मृण्मय मूर्तिहरू, विभिन्न विहारहरूसित सम्बन्धित "क्वापाद्यः"हरू भक्तपुर छुमा गणेशको दः छेँमा प्रयोग गरिएका मृण्मय मूर्ति तथा अन्य वस्तुहरू, पशुपति वत्सलेश्वरी मन्दिरको आदि नारायणको मूर्तिहरू विशेष उल्लेखनीय छन् । यी मूर्तिहरूमध्ये कतिपय मूर्तिहरू खुल्ला ठाउँमा भएर पनि त्यसमा प्रयोग गरिएका पालिश आजसम्म पनि यथावत् छ । त्यस्तै विहारहरूमा स्थापना गरिएका "क्वापाद्यः"हरूको मूर्तिमाथि रङ्गको प्रयोग गरिने भएकोले ती मूर्तिहरू यथार्थमा माटोबाट बनेको भन्न

२३) तारानाथ भट्टाचार्य– दि क्यानन्स अफ इण्डियन आर्ट, कलकत्ता: फर्मा के० एल० मुखोपाध्याय, सेकेण्ड एडिसन, १९६३, पृ. ४३ ।

२४) श्री ५ को सरकार गुठी तथा तहबिल कार्यालय, भद्रकाली, सिरियल नं० १०, किताब नं० ३ ।

अलि गाह्रो पर्छ तर वास्तवमा ख्वापाय्:हरूको निर्माणमा माटो नै प्रयोग गरिन्छ ।

समष्टिगत रूपमा उल्लेखित सम्पूर्ण मूर्तिहरू खोक्रो नभई ठुकुलो खालकै मूर्तिहरू हुन् । कुनै कुनै मूर्तिहरूमा चोइटिएका भागमा नियालेर हेर्दा मूर्ति निर्माणमा चोखो माटो बाहेक अरू कुनै वस्तुहरूको संमिश्रण गरिएको जस्तो लाग्दैन । यसैले मध्यकालीन मृण्मय मूर्तिहरूको निर्माणमा विभिन्न विधानमा निर्देशित निर्देशन अनुरूप मूर्तिहरू नबनाइएबाट उपत्यकाभित्रको माटोको विशेष गुण भएको हुनाले नै हुनु पर्दछ । सायद माटोमा बढी लचकपन ल्याउन मासको रस, मेथिको रस, गोकुल धूपको रस, पिना राखेर मुछेर बनाइएको हुनसक्छ । यस विधिबाट निर्मित मूर्तिहरू कालान्तरसम्म पनि नबिग्रिने हुन्छ । पाटन इबाछेँ टोलका श्री भाइरत्न शाक्यज्यूको भनाइ अनुसार माटाका मूर्ति बनाउँदा, शाल धूप, कपास, नालु, नेपाली कागज, चाकु, धूपिको धूलो, कुमकुम, श्रीखण्डको धूलो, कपूर, म:स, मेथि, ग्रालस, नस्वा:, गोकूल धूप, घ्यू, तोरीको पिना, मह, बन्केतुको रेसा, खद्दर कपडा, मू स्वाँ, हाँसको फूल, राखेर गथिवा:, पश्वा:, ह्याकुचा:, गिगा:, यी चार किसिमको माटोको संमिश्रण हुनु पर्छ । (उल्लेखित सामग्रीहरूको अनुपात बारे भाइरत्न शाक्य केही बताउन चाहनु हुन्न ।)

परम्परागत नेवाली माटाका मूर्तिहरू बनाउने क्रम आज पनि कुनै न कुनै रूपमा नेवाली समाजमा विद्यमान नै छ । उदाहरणार्थ प्रत्येक वर्ष श्रावण भाद्रको बीचको एक महिना घर-घरमा बौद्ध धर्मावलम्बीहरूमा "ध्व:थायगु" प्रचलन विद्यमान भएको कुरालाई लिन सकिन्छ । यसरी मूर्ति बनाउँदा मूर्ति बनाउने व्यक्ति मूर्ति बनाउन एक दिन अगाडि शुद्ध भई, भोलिपल्ट निराहार भई मूर्ति बनाउन थाल्दछ । मूर्ति पूर्ण नभएसम्म परम्परागत नीति अनुसार शाकाहारी नै हुनु पर्दछ ।

बनेपाको चण्डेश्वरीको मन्दिरको गर्भगृहको वरपर रहेका नौ वटा मृण्मय मूर्तिहरू (जसलाई स्थानिय मानिसहरू मातृका तथा भैरव आदिका मूर्ति मान्छन्) प्राविधिक दृष्टिकोणबाट हेर्दा बेग्लै प्रविधिबाट बनाइएको मूर्तिहरू हुन् । ती सम्पूर्ण मूर्तिहरू खोक्रो हुनुको साथै मोटाईमा करीब ३ मि. मी. को छ । एउटा सिङ्गो मूर्ति बनाउने क्रममा बेग्ला बेग्लै अंगप्रति अंगहरू बनाई सकेपछि आपसमा जोडी तयार गरिएका मूर्ति हुन् । किनभने उपर्युक्त मूर्तिहरूमध्ये आठ वटा मूर्तिहरू पूर्ण रूपमा अङ्गभङ्ग रूपमा छन् । "दुईया राजा" भनिने मूर्तिको बायाँ रहेको एउटा खण्डित मूर्तिमा देखिए अनुसार टाउको र घाँटीको जोडाईको बीचमा भित्रबाट छातीसम्म पुग्ने एउटा माटाकै डुङ्ग्रोको प्रयोग गरिएको छ जुन डुङ्ग्रोको एक छेउ छातीमा टाँसिएको र अर्को छेउ जुन घाँटीबाट बाहिर निस्किएको छ उक्त निस्किएको भागमाथि बनाइएको बेग्लै टाउको जडान गर्ने गरिन्छ । यस्तै अरू मूर्तिहरूको हातको भाग पनि बेग्ला बेग्लै टुक्राहरूको संयोजनबाट बनाइएका हुन् । मन्दिरभित्र रहेको अर्ध सग्लो मूर्तिका रूपमा "दुईया राजा" को मूर्तिलाई लिन सकिन्छ । यो मूर्ति पद्मासन मुद्रामा छ । यस मूर्तिको काखको भागमा दुई चार पाप्रा उप्किएको छ । यो मूर्ति करीब ८० से. मि. उचाईको छ । यस मूर्तिको नाक र कानको बनावटलाई हेर्दा नाक र कानलाई माटो मुछेर तन्काएर बनाएको प्रतीत हुन्छ । यसमा आँखा निधारसित समानान्तर हुने गरी निकै बाहिर फुकेको छ । आँखाको नानीको बनावटमा कुनै धारिलो वस्तुको प्रयोगबाट कोरेर

नानीको भाग उठाएको छ । यस मूर्तिको केशविन्यास घुंघरिलो छ । घुंघरिएको कपाललाई कुमसम्म लत्र्याइएको छ । निधारमाथि बाहिर फुकेको जस्तो गरिकन चुल्ठो बाटेको छ । कुमसम्म लत्रिएको घुंघरिएको कपाल बेग्ला बेग्लै टुक्राहरू एकमाथि अर्को चिप्काएको देखिन्छ । यस मूर्तिलाई हेर्दा अङ्गप्रति अङ्ग नदेखिएबाट वस्त्रको प्रयोग गरिएको प्रतीत हुन्छ । वस्त्रको ढाँचा तथा वस्त्रमा प्रयोग गरिएको बुट्टाहरू बारे उक्त मूर्तिमा बेत्रिएको कोहोर भएबाट केही भन्न सकिन्न ।

दोस्रो उल्लेखनीय मूर्ति बाराहीको हो । यो मूर्ति ललितासन मुद्रामा छ । यस मूर्तिको शीर्षभाग खण्डित छ, खण्डित शीर्षभाग यसै मूर्तिकोमाथि राखिएको छ । यस मूर्तिको शीर ज्यादै नै खिइ सकेको भए तापनि बाराहीको थुतुनो स्पष्ट छ । मूर्तिको छातीमा उन्नत वक्षस्थलको बनोट हेर्दा पशुपति वत्सलेश्वरी मन्दिर अगाडिको गङ्गाको प्रस्तर मूर्तिलाई स्मरण गराउँदछ । यस मूर्तिको दायाँ बुट्टा आधा पट्याई तल झारिएको छ उक्त बुट्टामा मोटो कल्लिको प्रयोग भएको छ । श्री लैनसिह्न बाङ्गदेलज्यूका अनुसार यस किसिमको बुट्टामा कल्लिको प्रचलन नेपाली मूर्तिकलामा ईसाको प्रथम शताब्दीदेखि प्रयोग हुन थालेको हो ।

तेस्रो मूर्ति प्रवेशद्वारको ठीक अगाडि गर्भगृहको बीचको मूलगाह्रोमा आधार गरी जमीन सतहबाट करीब २० से. मी. माथि छ । यो मूर्ति शयनासन मुद्रामा छ । यस मूर्तिलाई भैरवको प्रतिमा मानि पूजा गरिन्छ । तर वास्तवमा यो मूर्ति भैरवको नभई शयनासनको नारी मूर्ति हो । यस मूर्तिको पनि शीर खण्डित छ । यस मूर्तिमा पनि वक्षस्थल पुष्ट तथा उन्नत देखिन्छ । कम्मरवन्ध सहितको जामा र जामाको मुजा ज्यादै स्वाभाविक देखिन्छ । घुंडादेखि तल्लो भाग त्यति बिग्रन फोहर नभएको हुनाले जामाका केही बुट्टाहरू ठम्याउन सकिन्छ । बुट्टाहरूमा थोप्ले बुट्टाको साथै समानान्तर रेखाहरू कोरिएको देखिन्छ । थोप्ले बुट्टाहरू संभवतः कुनै थोक्रो वृत्ताकार औजारको माध्यमबाट मूर्तिमाथि निश्चित दवाब दिई बनाइएको हुनु पर्दछ । यस किसिमको दवाब दिई बुट्टाहरू उत्कीर्ण गर्ने परम्परा ईसाको पहिलो शताब्दीतिर प्रचलनमा रहेको देखिन्छ ।

समष्टिगत रूपमा उपर्युक्त चण्डेश्वरी मन्दिरको गर्भगृहभित्र रहेका मृण्मय मूर्तिहरू स्वयं आफैंमा एक अविस्मरणीय कथा बोकेर अँध्यारो कोठामा थुनिएका छन् । ''डुईया राजा'' बाराही र भैरब जस्ता लोकप्रिय नामले बनेपा भेकमा विख्यात ती मृण्मय मूर्तिहरूको आफ्नै विशेषता छ । मूर्तिमा भएको ठोसपन, ठोसपना भैकन पनि मूर्ति भित्रबाट खोक्रो हुनु, प्रस्तरका मूर्तिमा झैं लचकपन, उन्नत वक्षस्थल तथा कल्लिको प्रयोग भएबाट नेपाली मृण्मय मूर्तिहरूको क्रममा आजसम्म अस्तित्वमा आइरहेका मूर्तिहरूमध्ये पहिलो मूर्ति मान्नुमा अत्युक्ति नहोला ।

Nepalese Culture, Vols. VII -VIII

# काठमाण्डूका केही नानक मठ

— जगदीशचन्द्र रेग्मी

भारतको पञ्जाबमा नानकदेव (ई० १४६९–१५३८)ले स्थापना गरेको नानकपन्थ वा सिक्ख सम्प्रदाय[1] नेपालमा कहिले आएको हो भन्ने विषयमा राम्रो अनुसन्धान हुन सकेको छैन । एक अनुश्रुति अनुसार नानकदेव आफैं विश्वभ्रमणको क्रममा काठमाण्डू आउनु भएको थियो र ज्ञानेश्वर महादेवस्थाननिर एक मठ पनि थाप्नु भएको थियो । सो मठ आहिले पनि सोही स्थलमा छ ।[2] यो मठको प्राचीनता र यसको नानकदेवसँगको सम्बन्धबारे हाल केही भन्न सकिदैन; आधिकारिक अनुसन्धानबाट मात्र स्पष्ट तथ्य बाहिर हुने विश्वास गरिन्छ । तर पशुपति भस्मेश्वर नजीकै रहेको उदासी मठ अन्तिम मल्लकालमा स्थापित हो वा त्यस समयमा स्थापित भैसकेको मान्न सकिने देखिन्छ किनभने गुठी संस्थानमा रहेको नेपाल संवत् ८७७ (वि० सं० १८१३)को ताम्रपत्रमा कान्तिपुरका अन्तिम मल्ल राजा जयप्रकाश मल्लले "गोलु देशको श्रीभस्मेश्वर महादेव स्थानमा बस्ने नानकपंथी मायाराम" भन्ने व्यक्तिलाई १० रोपनी जग्गा बिर्ता बक्सिस दिएको कुरा लेखिएको छ ।[3] उक्त ताम्रपत्रमा स्पष्ट रूपमा नानकपंथको उल्लेख भएको हुँदा त्यसबेलाको नेपाली समाज नानकपंथसँग अनभिज्ञ थिएन भन्न सकिन्छ ।

मल्लकालको उक्त पृष्ठभूमिमा शाहकालमा नानकपंथ अझ लोकप्रिय हुन थालेको कुराका केही प्रमाण प्रकाशित भएका छन् ।

काठमाडौंमा शोभा भगवती स्थान पछाडि एक नानक मठ अवस्थित छ । यस मठसँग सम्बद्ध वि० सं०

१. R. C. Majumdar (Ed)- *The Delhi Sultanate*, pp. 561-570

२. खेमराज केशवशरण (संपा०)– धर्म-सन्देश, वर्ष १३, अङ्क-१, वि० सं० २०४० पृ० ३८ को साम्मु सो मठको चित्र छापिएको छ ।

३. पार्थमणि भट्टराई– "केही अप्रकाशित अभिलेख", धर्मदर्शन, वर्ष १२, पूरक अङ्क १,२ (२०४२) पृ० ७१ ।

१८५७ को श्री ५ गीर्वाणयुद्ध विक्रम शाहको लालमोहरबाट यसको स्थापना राजकीय संरक्षणमा भएको थाहा पाइएको छ। उक्त वि० सं० १८५७ को अप्रकाशित लालमोहरमा उल्लेख भए अनुसार उक्त वर्ष बालक राजा गीर्वाणयुद्ध बिरामी भएको समयमा रणबहादुर शाहले कुनै नानकपन्थीबाट 'अर्दास' (विशेष उपासना ?) गर्न लगाएको र पछि 'संगत' (मठ) स्थापना गर्न २७॥ रोपनी जग्गा बिर्ता दिइएको कुरा लेखिएको छ। यो लालमोहरको पाठ यस लेखको पुछारमा प्रस्तुत गरिएको छ। माथिको चर्चाबाट यो नानकमठको स्थापनामा रणबहादुर शाहको विशेष अभिरुचि रहेको बुझिन्छ।

रणबहादुर शाहको नानक पन्थतर्फको झुकावपछि पनि कायम भएका केही अरू सन्दर्भ उपलब्ध हुनु अझ महत्वपूर्ण छ। वि० सं० १८५७ मा काशी गएका रणबहादुर शाह वि० सं० १८६० फागुनमा नेपाल फर्किंदा उनीसँग नानकपन्थी जोगीहरू पनि साथै आएको कुरा सुन्दरानन्द बाँडाले त्रिरत्नसौन्दर्यगाथामा यसरी टिपेका छन् "...चरणमा मुण्डिआउन्याहरूकन नानकनामा योगिहरूकन टुकुचांगणका समीपमा उपजा जगामा वास दीकन वृत्ता घर येत दिया अद्यापि बस्ती भया येतिपालि वृत्ता जागिर घर येत बक्सिकन सुखसंग बसाल्दा भया।"[४]

त्रिरत्नसौन्दर्यगाथाको यो सन्दर्भ ज्यादै महत्वपूर्ण छ। यस प्रमाणको बारेमा अरू बढी खोज त गर्नु नै छ तर उपर्युक्त सन्दर्भमा नानकपन्थी योगीहरूलाई 'टुकुचांगण' मा वास दिइएको बताइएको छ र कालमोचनमा रहेको मठलाई नै यो सन्दर्भले संकेत गरे जस्तो हामीलाई लाग्दछ। यसबारेका कागतपत्र खोजमेल गरिनु आवश्यक छ तर सुन्दरानन्दले संकेत गरे अनुसार यस नानक मठको स्थापना रणबहादुर शाहले गरेका हुन्।

काठमाण्डूबाट बालाजू जाने बाटामा विष्णुमतीको किनारामा एक अर्को नानक मठ अवस्थित छ। भव्य खालको यो मठको स्थापना पनि रणबहादुर शाहद्वारा नै भएको कुरा यहाँका महन्त बताउँछन्। यस मठ सम्बन्धी कागजपत्रहरूको अध्ययन गरिएमा यथार्थ कुरा थाहा पाउन सकिने छ।

यो संक्षिप्त चर्चा धार्मिक गतिविधि र त्यसको ऐतिहासिक अध्ययनतर्फ कुत्कुत्याउने प्रयासको रूपमा गरिएको हो। गुरु नानकदेवको नेपालमा प्रभावबारे अझ विस्तृत परिप्रेक्ष्यमा अध्ययन अनुसन्धान गरिनु आवश्यक छ।

**परिशिष्ट**

वि० सं० १८५७ मा रणबहादुर शाहबाट नानकमठ स्थापना भएको सम्बन्धी लालमोहरको पाठ

श्री दुर्गासहाय

श्री परमगुरु

श्री गुरुपादुका

श्री बाबाज्यू

श्री बाणेश्वर

४. धनबज्र बज्राचार्य (सं०)– पण्डित सुन्दरानन्दविरचित त्रिरत्नसौन्दर्यगाथा, काठमाडौं: नेपाल सांस्कृतिक परिषद् २०१९, पृ. १८७।



CamScanner

स्वस्ति श्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलि विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्री श्री श्री महाराजे गीर्वाणयुद्धविक्रम साह् बहादुर सम्सेर जङ्देवानम् सदा समरविजयीनाम्— आगे वीर्य्यमान वसन्तदास नानकके... (श्री बाबाज्यू) बाट हामीलाई रोगनिवारण गर्ना निमित्त अर्दास गर्दामा चढायाको सहर काठमाडौका अम्बलमा एक पाका ... (श्री परमगुरु श्री गुरुपादुका) समेतको संगत बनाउन तस्को साँध पूर्व बालगोविन्द नेवारको र श्री नौवाको लोहकिलको साँध दक्षिण मुलबाटो लोहकिलको साँध पश्चिम मुलबाटो लोहकिलको साँध उत्तर ... (श्री नागेश्वर) जान्या मुलबाटो लोहकिलको साँध एति चार किल्लाभित्र संगत बनाउनाकन बाबा समेत पाखो रोपनी १४ पानि षेत रोपनि ६ श्री एकपाडोलमा पानि षेत पूर्व बालगोविन्द नेवारका षेतका लोहकिलको साँध दक्षिण मुलबाटो लोहकिलको साँध पश्चिम गौरीपति पंथलाइ माटो दियाका वृत्ताको लोहकिलको साँध उत्तर मुलबाटो लोहकिलको साँध एति चार किलाभित्र पानि षेत रोपनी साढे चार ४।। जम्मा पानि षेत रोपनी साढे तेह्र पानि षेत ×× जम्मा रोपनी साढे सत्ताइस २७।। हामिले सर्वाङ्क माफ गरि फकिराना वृका बितलप् गरिबक्स्यौं आपना स्वधर्मसंग (श्री गुरुपादुका) स्थापित गरि पुजा गरि हामिलाई आशीर्वाद दिन्या गर शेष रह्याको अनुभोग्य गरि बातिर्जामासित तपस्या गर ह्राम्रो हाम्रा संतानको .. (श्री परमगुरु) का चरणमा अर्दास गर सधिआर अर्जान दैवज्ञकेसरी पण्डित जगजित् पाण्डे श्री हर्षपन्थ भानु पाध्या षड्दाल वंशमनि राना हरिवंश वोहरा काल्या डुगल घटन्या डुगल धनवन्त डुगल इति सम्वत् १८५७ साल मिति पौष सुदि ५ रोज २ शुभम्[१]—

---

१. सो मठका महन्त कृष्णदास उदासीसँग रहेको मूल लालमोहरको फोटो कपीबाट उतार लिइएको हो । यसको मूल गुठी लगत कार्यालयमा खोज्दा हाल पाउन सकिएन ।

# आधुनिक कालको पूर्वार्द्धतिरका प्रमुख प्रशासनिक पद र मर्यादाक्रम

– कृष्णबहादुर थापा

कुनै पनि राष्ट्रको राज्य प्रशासन देश, काल परिस्थिति अनुकूल चलेको हुन्छ । यसर्थ, हरेक देशको प्रशासनिक ढाँचा युग अनुरूप अलग-अलग प्रकारको हुन सक्दछ । नेपालको प्राचीन तथा मध्यकालीन शासन प्रणालीमा पनि यही अनुरूप भिन्नता पाउन सकिन्छ । अझ मध्यकालमा त यहाँ देखिएका हरेक राज्यरजौटाहरूमा समेत केही आफ्नै प्रकारका प्रशासनिक पदहरू प्रचलित थिए । यस्तो स्थितिमा शासनकर्ता परिवर्तन हुने बित्तिकै शासन प्रणालीमा पनि परिवर्तन हुन सक्ने भयो । यही स्थिति नेपालको एकीकरणको घटनापछि देख्न सकिन्छ । वास्तवमा एकिकृत नेपालको प्रशासनिक पदहरू र प्रशासनिक ढाँचामा एकीकरण कर्ता गोरखा राज्यको प्रशासनिक पदहरू र प्रशासनिक ढाँचाले ठूलो प्रभाव पार्‍यो । साथै एकीकृत नेपालको निर्माणपछि देशमा आएको भौतिक, राजनैतिक, आर्थिक र सामाजिक आदि विभिन्न कारणहरूले प्रशासनिक क्षेत्रका ठूलो परिवर्तन ल्यायो । प्रशास-निक ढाँचा, प्रशासनिक विस्तृतिकरण र प्रशासनिक नयाँ पदहरूको सिर्जना आदिमा मात्र परिवर्तन आएको नभई परम्परादेखि प्रचलन भई आएका केही पदको प्रशासनिक भूमिका, उसको शक्ति, मर्यादा वा वरीयता क्रममा समेत परिवर्तन आएको देखिन्छ । पुरानो गोरखाली परम्पराबाट आएका माथिल्ला प्रशासनिक पदहरूमा ठूलो परिवर्तन आएको कुरा मूलकाजी, मुख्तीयार, जनरल, कमाण्डर-इन-चीफ, प्राइमिनिस्टर आदि पदको नयाँ सिर्जना र तिनीहरूको महत्व बढेको तथ्यबाट थाहा हुन्छ ।[1] नयाँ पदहरूको महत्व बढेपछि पुराना पदहरूको मर्यादाक्रममा

१. गोरखाली परम्पराबाट आएका उच्च पदहरूको निरन्तरता र परिवर्तन बारे पठनीय, Krishna B. Thapa, "Continuity and change in the administrative apex of Nepal, 1768-1846" a seminar paper presented at the National level History seminar Sponsored by the Central Department of History T U. on Jesth 13, 2045 B. S.

समेत फरक पर्दै गएको थियो । उक्त कुरा 'मुख्तियार' पदको सिर्जनापछि चौतरीया पदको बरीयताक्रममा पर्न गएको फरकबाट स्पष्ट हुन्छ ।[२] तर यी पद बाहेक कैयौं पुराना पदहरूको प्रचलन रहँदै आएको तथ्य पनि स्पष्ट नै छ ।

मालपोत बिभागको अभिलेखालय डिल्लीबजार काठमाडौंमा आधुनिक नेपालको पूर्वार्द्धतिरको प्रशासनिक पदहरूको मर्यादाक्रम बारे जानकारी दिने एक पत्र रहेको छ । यो लामो पत्रबाट केही न केही रूपमा तत्कालीन प्रशासनिक स्थितिबारे बुझ्नसकिन्छ । तर त्यसबेलाको प्रशासनिक पदहरू र तिनको मर्यादाक्रमको बारेमा सामान्य जानकारी पाइए पनि तत्कालीन प्रशासनिक विभिन्न पदहरूको बारेमा बिस्तृत रूपमा भने जानकारी पाउन सकिन्न । उदाहरणको लागि विभिन्न रजौटाहरूलाई लिन सकिन्छ । स्थानीय प्रशासनमा त्यसबेला अस्तित्वमा रहेका राजा रजौटाहरूको महत्वपूर्ण भूमिका थियो तर यस सामाग्रीबाट उनीहरूको बरीयताक्रम स्पष्ट हुँदैन किनकि यसमा उनीहरूको उल्लेख नै छैन । अर्को अस्पष्टता के मा पनि छ - भने कतै कतै व्यक्ति विशेष अथवा पद विशेषलाई नतोकि कार्यालयलाई मात्र तोकिएको छ । जस्तै "मैन भन्सार", "छिटीचोक" आदि । कार्यालयले "शीर पाउ" पाउने चलन त्यसबेला रहेको साधारणत देखिदैन । अतः यसबाट ती कार्यालयले होइन ती कार्यालयका हाकिमले उक्त "शीर पाउ" पाउँदथे भन्ने अनुमान गर्न सकिन्छ तर सामाग्रीकै आधारमा यो कुरा स्पष्ट हुँदैन । यसका अतिरिक्त कुनै कुनै पदको लागि शीरपाउँ तोकिएको छैन । जस्तै, बारुदखानाको डिट्ठा, चिसापानीको उमराव, गोरखाको थरघर आदि । यसबाट उनीहरूको बरीयता क्रम स्पष्ट हुँदैन । अर्कोतिर यसलाई स्पष्ट पार्ने ऐतिहासिक सामाग्री हालसम्म प्रकाशमा आएको पनि छैन । अतः यो प्रस्तुत हुन लागेको सामाग्रीले यो कमिलाई केही मात्रामा भए पनि पुरा गर्ला भन्ने हेतुले प्रकाशमा ल्याउने प्रयास गरिएको हो । सामाग्री (Document) प्रस्तोतालाई के पनि विश्वास छ भने यो समयको प्रशासन सम्बन्धी अनुसन्धान गर्ने, चाख राख्ने तथा अध्ययन–अध्यापन कार्यमा संलग्न व्यक्तिहरूका लागि यो सामाग्रीले केही मद्दत अवश्य पुऱ्याउने छ ।

सामाग्री प्रस्तुत गर्नुभन्दा पहिले सामाग्री सम्बन्धी तथ्यहरूको बारेमा प्रकाश पार्नु पर्ने आवश्यकता छ । यो सामाग्री प्रशासनिक पदहरूको सूची होइन, नत यसमा राज्यका प्रशासनिक पदाधिकारीहरूको मर्यादाक्रम निश्चित गरिएको छ । यो सामाग्रीले राजाबाट "सिरोपाव" (शीरपाउ) बक्सेको खण्डमा पद अनुसार कुन ओहदाको व्यक्तिलाई शीरपाउको रूपमा के के दिने भन्ने उल्लेख स्पष्ट गरेको छ । यही तोकिएको नीति अनुसार कत्ति पनि घटि बढी नपारी काम गर्न राजाबाट कौशी तोषाखानाका मुख्य हाकिम, खजान्चीलाई लिखित आदेश

२. भीमसेन थापाले 'मुख्तियार' पदलाई माथि उठाएर चौतरीया भन्दा माथि राखे भनेर चित्त रञ्जन नेपालीले उल्लेख गर्नु भएको छ । (चित्त रञ्जन नेपाली, जनरल भीमसेन थापा र तत्कालीन नेपाल, काठमाडौंः रत्न पुस्तक भण्डार, २०३५, पृ. १७६) तर वास्तवमा यो कुरा रणबहादुर शाहले मुख्तियार पद ग्रहण गरे देखि नै भैसकेको थियो । फरक यति मात्र थियो कि रणबहादुर शाहले यो पद ग्रहण गर्दा यो पद मर्यादाक्रममा स्वतः चौतरीया भन्दा माथि भएको थियो तर भीमसेन थापाले ग्रहण गर्दा त्यसो भएको थिएन ।



CamScanner

गएको पतको नवकल हो यो । यसरी तत्कालीन प्रशासनिक तहको मर्यादाक्रमको सम्बन्धमा यो सामाग्रीले सिधा सम्बन्ध राख्दैन तर शीरपाउको रकम र सामानहरू साधारणतः तह अनुसार फरक पर्ने अथवा माथिल्लो पदलाई सीरपाउ बढी र तलको पदलाई कम हुने व्यवस्था यसमा भएबाट यसको आधारमा त्यसबेलाको प्रशासकीय वरीयता छुट्याउन सकिन्छ । यस सामाग्रीबाट के पनि स्पष्ट हुन्छ भने प्रशासनिक पदाधिकारी बाहेक अन्य सरकारी मान्यता प्राप्त पदहरू पनि त्यसबेला प्रशस्त थिए र उनीहरूको समेत मर्यादाक्रम निश्चित गरिएको थियो । यो राजज्ञा वि० सं० १८९५ मार्ग सुदी छ रोज ५ मा जारि गरिएको हो ।[३]

## प्रसस्तीको

माने कौसिका स:लवसालका कारोबार गर्न्या भारदार वगैको प्रति अब उप्रान्त श्रीगुरु, प्रोहित, चौतरिया काजि, सर्दार, कप्तान, सुब्बा, कुमेदान, डिट्ठा, द्वारे, ददा, सुबेदार, घरिदार, मुखिया, विचारी, चोपदार गैह्र पगरिलाई हाम्रा हजुरबाट जागीर दर्शनको सिरोपाव बक्स हुँदा तपसिल बमोजिमको रँबन्दीको बन्देज बाँधि बक्स्यो । यसै रँबन्दी बमोजिम दिन्या गर्नु । हाम्रा हुकुम बाहिक येस रँबन्दि भन्दा बढता दियो भन्या तक्सीर होला—

# तपसील

### श्रीगुरुके

| | | |
|---|---|---|
| ८० हात्या पगरि थान | — | १ के |
| साल | — | १ के ४२५ |

### धर्माधिकारके,

| | | |
|---|---|---|
| ७० हात्या पगरि थान | — | १ के |
| साल जोडा | — | १ के २७५ |

### मूल प्रोहितके

| | | |
|---|---|---|
| ६४ हात्या पगरि थान | — | १ के |
| सालि जोडा | — | १ के २५० |

### श्री पशुपतिका मूल पुजाहारि भट्टके

| | | |
|---|---|---|
| ५० हात्या पगरि थान | — | १ के |
| साल जोडा | — | १ के १५० |

### मुख्तियारके

| | | |
|---|---|---|
| ८० हात्या पगरि थान | — | १ के |
| साल जोडा | — | १ के ४०० |
| ढाल | — | १ के १५ |
| तरोवार | — | १ के २० |
| कार्चोपी कामको ढाल | — | १ के २४ |
| लाल बिहारी हात | — | ४ के — |

### चौतरियाके

| | | |
|---|---|---|
| ८० हात्या पगरि थान | — | १ के |
| साल जोडा | — | १ के ३२५ |
| ढाल जोडा | — | १ के १० |
| तरोवार | — | १ के १५ |
| ढाल | — | १ के १५ |
| लाल बिहारी हात | — | ४ के — |

३. स्रोत: मालपोत बिभागको अभिलेखालय, डिल्लीबजार, काठमाडौं ।
पोका नं. १६, वहि नं. ६६, सि. नं. ५२६ ।

**श्री वेगुतलेज्यूका पूजाहारि भट्टके**

| | | |
|---|---|---|
| ५० हात्या पगरि थान | — | १ के |
| साल जोडा | — | १ के १५० |

**मूल बबाके**

| | | |
|---|---|---|
| ३४ गजी पगरि थान | — | १ के |
| साल जोडा | — | १ के २०० |

**धव बबाके**

| | | |
|---|---|---|
| ३४ गजी पगरि थान | — | १ के |
| साल जोडा | — | १ के १७० |

**ढोका ह्राग्याके**

| | | |
|---|---|---|
| २७ गजी पगरि थान | — | १ के |
| साल जोडा | — | १ के १२० |

**कलकत्ताका वकीलके**

| | | |
|---|---|---|
| ३४ गजी पगरि थान | — | १ के |
| साल जोडा | — | १ के २०० |

**अमीनके**

| | | |
|---|---|---|
| २७ गजी पगरि थान | — | १ के |
| साल जोडा | — | १ के १२० |

**रकमका सुबाके**

| | | |
|---|---|---|
| २७ गजी पगरि थान | — | १ के |
| साल जोडा | — | १ के १५ |

**अस्थान अस्थानका महंतोके**

| | | |
|---|---|---|
| २७ गजी पगरि थान | — | १ के |
| साल जोडा | — | १ के १२० |

**मुलुकी बर्दारके**

| | | |
|---|---|---|
| २७ गजी पगरि थान | — | १ के |
| साल जोडा | — | १ के १२० |

**मुलुकी मुन्सीके**

| | | |
|---|---|---|
| ५० हात्या पगरि थान | — | १ के |
| साल जोडा | — | १ के १५० |

**धव काजीके**

| | | |
|---|---|---|
| ७० हात्या पगरि थान | — | १ के |
| साल जोडा | — | १ के २७५ |
| ढाल | — | १ के १० |
| तरोवार | — | १ के १५ |
| ढाल | — | १ के १५ |
| लाल बिहारी हात | — | ४ के — |

**बजांचीके**

| | | |
|---|---|---|
| ६० हात्या पगरि थान | — | १ के |
| साल जोडा | — | १ के २५० |

**कपर्दारके**

| | | |
|---|---|---|
| ६० हात्या पगरि थान | — | १ के |
| साल जोडा | — | १ के २५० |

**सर्दारके**

| | | |
|---|---|---|
| ६० हात्या पगरि थान | — | १ के |
| साल जोडा | — | १ के १७५ |
| ढाल | — | १ के ५ |
| तरोवार | — | १ के ७ |
| ढाल | — | १ के ५ |
| लाल बासा हात | — | ४ के |

**जंगी सुबाके**

| | | |
|---|---|---|
| ५० हात्या पगरि थान | — | १ के |
| साल जोडा | — | १ के १५० |
| ढाल | — | १ के ४ |
| तरोवार | | १ के ६ |
| ढाल | — | १ के ४ |
| लाल बासा हात | — | ४ के |



CamScanner

मूल डिट्ठाके

३४ गजी पगरि थान — १ के

साल जोडा — १ के १३५

मध डिट्ठाके

२७ गजी पगरि थान — १ के

साल जोडा — १ के १००

कोटी लिंगका बिचारीके

२२ गजी पगरि थान — १ के

साल जोडा — १ के १००

फराषानाका दारोगाके

२७ गजी पगरि थान — १ के

साल जोडा — १ के १००

थोपीथोपीका थाई हान्याके

साल जोडा — १ के १००

टकसार मोट भन्सारके

पगरि थान — १ के ७

साल जोडा — १ के १६३

किराना भंसारके

पगरि थान — १ के ५

साल जोडा — १ के १२०

कपास भंसारके

पगरि थान — १ के ५

साल जोडा — १ के १२०

निर्वि भंसारके

पगरि थान — १ के ५

साल जोडा — १ के १०५

सागेर भंसारके

पगरि थान — १ के ५

साल जोडा — १ के ९५

कंपुका थास कपतानके

कालो ६० हात्या पगरि थान —, १ के

साल जोडा — १ के १८०

मध कपतानके

३४ गजी कालो पगरि थान — १ के

साल जोडा — १ के १६०

कुमेदानके

कालो ३४ गजी पगरि थान — १ के

साल जोडा — १ के १४०

कंपुका थास सुबेदारके

कालो २७ गजी पगरि थान — १ के

साल जोडा — १ के १२०

कंपुका थास सर्वारके

कालो २७ गजी पगरि थान — १ के

साल जोडा — १ के १००

कोत्या डिट्ठाके

कालो २२ गजी पगरि थान — १ के

साल जोडा — १ के ६०

कंपुका जजिटनके

कालो २२ गजी पगरि थान — १ के ६०

कौसी कुमारीचोक सदर कंपनी थकबरषानाका

मुखियाके

२७ गजी पगरि थान — १ के

साल जोडा — १ के ६०

अरु ठाउका मुखिया

२२ गजी पगरि थान — १ के

साल जोडा — १ के ७५

भैंसी भंसारके

| | | |
|---|---|---|
| पगरि थान | — | १ के ५ |
| साल जोडा | — | १ के १२० |

टुसाल भंसारके

| | | |
|---|---|---|
| पगरि थान | — | १ के ३ |
| साल जोडा | — | १ के ४७ |

सहर पाटन (भंसार ?) के

| | | |
|---|---|---|
| पगरि थान | — | १ के ५ |
| साल जोडा | — | १ के ८५ |

सहर भादगाउ (भंसार ?) के

| | | |
|---|---|---|
| पगरि थान | — | १ के ५ |
| साल जोडा | — | १ के ८५ |

छेभडेलके

| | | |
|---|---|---|
| पगरि थान | — | १ के ५ |
| साल जोडा | — | १ के ७५ |

वलकके

| | | |
|---|---|---|
| पगरि थान | — | १ के ५ |
| साल जोडा | — | १ के ७५ |

डोटी मंडीके

| | | |
|---|---|---|
| पगरि थान | — | १ के ५ |
| साल जोडा | — | १ के ७० |

थानि गैंहके

| | | |
|---|---|---|
| पगरि थान | — | १ के ५ |
| साल जोडा | — | १ के ९५ |

बेनी टकसारके

| | | |
|---|---|---|
| पगरि थान | — | १ के ५ |
| साल जोडा | — | १ के १०५ |

नागन्या थानीके

| | | |
|---|---|---|
| पगरि थान | — | १ के ५ |
| साल जोडा | — | १ के १०५ |

फर्दपाउन्या

कंपुका रंनाथी सुवेदारके

| | | |
|---|---|---|
| कालो २२ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के ४० |

ऐजन वर्दारके

| | | |
|---|---|---|
| कालो २२ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के ४० |

श्रऋ कपनिका सुवेदारके

| | | |
|---|---|---|
| कालो २२ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के ३५ |

ऐजन वर्दारके

| | | |
|---|---|---|
| कालो २२ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के ३० |

कपर्दार कोठाका मुखियाके

| | | |
|---|---|---|
| २२ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के ३५ |

हात्तिसारका दारोगाके

| | | |
|---|---|---|
| २२ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के ३१ |

चोपदारके

| | | |
|---|---|---|
| २२ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के ४० |

थडेके

| | | |
|---|---|---|
| २२ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के ४५ |

जेठा बुढाके

| | | |
|---|---|---|
| २२ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के ३१ |

**रुगुम थानीके**

| | | |
|---|---|---|
| पगरि थान | — | १ को २॥ |
| साल जोडा | — | १ को ६५ |

**बाबंन कुलके**

| | | |
|---|---|---|
| पगरि थान | — | १ के ५ |
| साल जोडा | — | १ के ६० |

**ल्हासाका नाईक्याके**

| | | |
|---|---|---|
| पगरि थान | — | १ के ५ |
| साल जोडा | — | १ के ७५ |

**फर्द पाउन्या**

**जोगी मंडलीके**

| | | |
|---|---|---|
| १८ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के २५ |

**हातिसारका फनेतके (?)**

| | | |
|---|---|---|
| १८ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के २५ |

**स्याकलटिमिप्याके (?)**

| | | |
|---|---|---|
| १८ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के २५ |

**मंन मंसारके**

| | | |
|---|---|---|
| १८ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के २५ |

**हिटीचोकके**

| | | |
|---|---|---|
| २२ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के ४० |

**महन्त मंडलीके**

| | | |
|---|---|---|
| १८ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के २५ |

**जंगी निशानके**

| | | |
|---|---|---|
| २२ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के ४० |

**हल्कारका ज्मादारके**

| | | |
|---|---|---|
| २२ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के ३० |

**सहानिके**

| | | |
|---|---|---|
| २२ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के ३० |

**कानुगोयके**

| | | |
|---|---|---|
| २२ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के ३० |

**चौधरीके**

| | | |
|---|---|---|
| २२ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के ३० |

**चौताईके**

| | | |
|---|---|---|
| २२ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के ३० |

**तोषा हाति सेराके**

| | | |
|---|---|---|
| २२ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के ३० |

**तल्ला भडारके**

| | | |
|---|---|---|
| २२ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के ३० |

**उपल्ला भडारके**

| | | |
|---|---|---|
| २२ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के ३० |

पुजाहारीभट्टके

| | | |
|---|---|---|
| २२ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के ४० |

एक प्रोहितके

| | | |
|---|---|---|
| २२ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के ४० |

कागज एकहट्टिके

| | | |
|---|---|---|
| २२ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के ३५ |

एक टाउका मुखियाके

| | | |
|---|---|---|
| २२ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के ४० |

बोल्या चौधरीके

| | | |
|---|---|---|
| २२ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के — |

नगार्चिके

| | | |
|---|---|---|
| २२ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के — |

तोस पगरि पाउन्या

वृद्धि भंडारीके

| | | |
|---|---|---|
| १८ गजी पगरि थान | — | १ के |
| सोंत फर्द | — | १ के — |

कंपनिका ज्मादारके — ११॥

| | | | |
|---|---|---|---|
| तोसके | — | पगरि | — |
| तरोवारके | — | | |
| अजिटनके | — | ११॥ | |
| पगरिके | | तोसके | — |
| तरोवारके | — | | |
| कोत्याके तपसील सदर | — | ११॥ | |

नाजीरके

| | | |
|---|---|---|
| २२ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के ६० |

देवानीके

| | | |
|---|---|---|
| २२ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के ३५ |

नजिकीके

| | | |
|---|---|---|
| २२ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के ४५ |

थोपीथोबीको कोठामोत्याके

| | | |
|---|---|---|
| साल फर्द | — | १ के ४० |

घर चोकीके

| | | |
|---|---|---|
| २२ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के ३५ |

अस्तवल थानाका सबारिके

| | | |
|---|---|---|
| २२ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के ३५ |

चार अदालत र कुमारीचोकका बिचारीके

| | | |
|---|---|---|
| २२ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के ४० |

ऐजन ठाउका बर्दारके

| | | |
|---|---|---|
| २७ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के ४० |

ऐजन ठाउका तहविलदारके

| | | |
|---|---|---|
| २२ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के ३५ |

मजं बेगीके

| | | |
|---|---|---|
| २२ गजी पगरि थान | — | १ के |
| साल फर्द | — | १ के ४० |

मेजरके — ६

पगरिके —

तोसके —

बारुदखानाका डिठ्ठाके

पगरिके —

तोसके —

चिसापानीका उमाराके

पगरिके —

तोसके —

गोर्षाको षरघरके

पगरिके —

तोसके —

रांगा वोका षरीद गन्यकि

पगरिके —

तोसके —

पगरिमात्र पाउन्याके

थापया जैसीके — १८ गजी पगरि थान — १

केल्चचार नाईक्याके — ऐ —

भादगाउका ब्चार नाईक्याके — १८ गजी

पगरि थान — १ के

पुत्यार नाईक्याके

१८ गजी पगरि थान — १ के

कर्मी नाईक्याके

१२ गजी पगरि थान — १ के

लुहार नाईक्याके

१२ गजी पगरि थान — १ के

कामिका मिझारके

१२ गजी पगरि थान — १ के

सार्की मिझारके

१२ गजी पगरि थान — १ के

तमोट नाईक्याके

१२ गजी पगरि थान — १ के

नेता नाईक्याके

१२ गजी पगरि थान — १ के

लास्याका नाईक्याके

१२ गजी पगरि थान — १ के

सुजिकार नाईक्याके

१२ गजी पगरि थान — १ के

पोताहारके

१८ गजी पगरि थान — १ के

नुवाकोटका द्वारयाके

१८ गजी पगरि थान — १ के



CamScanner

Nepalese Culture, Vols. VII -VIII

# बनेपा चण्डेश्वरी जात्रा : एक परिचय

– कृष्णा श्रेष्ठ

**प्रस्तावना :**

काठमाडौं वा काठमाडौं उपत्यका आसपासका महत्वपूर्ण शाक्तपीठहरूमध्ये बनेपाको चण्डेश्वरी स्थान पनि एक हो । किंवदन्तीलाई छोडि इतिहासको मात्र कुरा गर्ने हो भने यो मन्दिर ने. सं. ६०१ (वि. सं. १८३८) मा स्थापना भएको देखा पर्छ कारण यस मितिको शिलालेख त्यहाँ गर्भगृह भित्रको सानो धातुको मन्दिरमा रहेको छ । मूल मन्दिर भने यो समयभन्दा पछि बनेको हुनु तर्क संगत छ ।

बनेपा चण्डेश्वरीको स्थापनाले मध्यकालमा नेपाल उपत्यका र अन्यत्र जस्तै त्यस नेवार बस्तीमा शाक्त धर्मको लोकप्रियता सिद्ध गरेको छ । भाषा वंशावली अनुसार भगवतीले चण्डासुर नामको दैत्यलाई नास गरेबाट उनको नाउँ चण्डेश्वरी रहन गएको भनिन्छ ।[1] बनेपा थिम्वहाल बाहेक काठमाडौं उपत्यका टोखा, भक्तपुर, बोडे, पाटनको थिम्वहाल आदि ठाउँहरूमा पनि चण्डेश्वरीका पीठ रहेका छन् । एकथरि विद्वानहरूको विचारमा राजा आनन्द मल्लले भगवती चण्डेश्वरीबाट सिद्धि लिई देश विजय गर्दै बनेपा, पनौती, नाला आदि आफ्नो नियन्त्रणमा राखेको भन्ने उल्लेख छ ।[2] जे होस्, नेपालमा शाक्त धर्मको परम्परा धेरै पुरानो हो र सप्तमातृका, दशमहाविद्या र तिनका विविध स्वरूप शक्तिको पूजा मल्लकालमा ज्यादै लोकप्रिय थियो । बनेपाको यस पीठले बनेपा भेकका मात्र होइन पर परका भक्तहरूमा समेत ठूलो प्रभाव परेको छ र यिनको पूजा अर्चना अनेक विधि विधानबाट सम्पन्न गरिन्छ ।

चण्डेश्वरीको यस पीठसित विभिन्न जात्रा पर्व पनि गाँसिएका छन् । तर चण्डेश्वरी जात्रा नै ती सबैमा बढी विस्तृत, खर्चिलो र रमाफिलो पनि भएकोले यस लेखमा त्यही जात्राको सम्बन्धमा चर्चा गरिएको छ । साथै

१. नयनाथ पौडेल, भाषा वंशावली भाग-१, काठमाडौं: नेपाल राष्ट्रिय पुस्तकालय, पृ. १३ ।
२. धनेशराज पं. आशाकाजी बज्राचार्य, मल्लकालीन गंथ्याखं, मेलः अयननी, पृ. ६१-६२ ।

यससित सम्बन्धित आपनो अनुसन्धानको क्रममा फेला परेको अप्रकाशित चण्डेश्वरी जात्रा गुठी लगत पनि समावेश गरिएको छ । यसबाट त्यस मन्दिरको महत्व र जात्रा सञ्चालनको आवश्यकतामा थप प्रकाश परेको छ ।

## चण्डेश्वरीको उत्पति :

चण्डेश्वरीको उत्पत्ति सम्बन्धमा भाषा वंशावलीले एक कथाको उल्लेख गरेको छ । चण्डासुर नामको एक दैत्यले वर्षौं सम्म महादेवको तपस्या गरेको थियो । दैत्यको कठोर तपस्यादेखि प्रसन्न भई महादेवले उनलाई अजय हुने वरदान दिएका थिए । यो वरदान पाएपछि दैत्यले स्वर्गमर्त्य र पाताल तीनै लोकमाथि बिजय गर्ने अभिलाषा लियो । दैत्यले देवलोकमा पनि उत्पात मचाउन थाल्यो । दैत्यको मार खप्न नसकी देवगणहरू आत्मरक्षाको निम्ति भगवती देवीको आराधना गर्न पुगे । भगवती प्रकट भई देवताहरूसंग सोधपुछ गरिरहेको बेलामा देवगणलाई लगार्दै दैत्यहरू सोही ठाउँमा आइपुगे । देवताहरू भयवित भएर भागे । भगवती पनि एक चम्पक बृक्षभित्र अदृश्य भइन् । त्यो देखेर चण्डासुर दैत्यले उक्त रूखलाई खड्ग प्रहार गरी दुई टुक्रा पारी दियो । काटिएका रूखबाट सहसा भगवती प्रकट भइन् र दुईको बीच घमासान युद्ध भयो । आखिर देवीको खड्ग प्रहारबाट त्यस दैत्यको मृत्यु भयो । चण्डासुर दैत्यलाई बध गरेकोले भगवतीको नाम चण्डेश्वरी हुन गएको हो ।[३]

दैत्यले काटेको रूखबाट प्रकट भएकोले चम्पक बृक्षको मुढोलाई चण्डेश्वरी देवीको प्रतीकात्मक प्रतिमा मानी परापूर्वकालदेखि पूजा तथा आराधना गरी आएको हो भन्ने स्थानीय जनताको विश्वास छ । यति मात्र होइन हाल पूजा गरी आएको रूखको मुढा, खास दैत्यद्वारा काटिएको रूखको फेद हो भन्ने बनेपालीहरू विश्वास गर्दछन् । हाल त्यस ठाउँमा भएको मन्दिरको स्थापना राजा आनन्द देवले गरेका थिए भन्ने किम्वदन्ती पाइन्छ ।[४] आनन्द देवलेनै मन्दिर निर्माण गरि दिएको भन्ने कुनै अभिलेखिय प्रमाण नभएबाट केही भन्न सकिन्न । जात्रामा खटमा राखिने देवीको भिन्दै धातुको मूर्ति छ । जन साधारणलाई जात्राको समयमा बर्षको तीन दिन मात्र उक्त धातुको प्रतिमाको दर्शन गर्ने अवसर प्राप्त हुन्छ ।

## चण्डेश्वरी जात्रा :

बैशाख पूर्णिमाको अघिल्लो दिनको मध्य रातमा बनेपा शहरको सोधा टोलबाट चिराग लिएका एक जमात मानिसहरू चण्डेश्वरी मन्दिर तिर प्रस्थान गर्दछन् । सोधा टोलको चौबाटोमा ठूलो आगो बालिएको हुन्छ । उक्त आगोलाई चिराग लिएका मानिसहरूको जमातले स्पर्श गरिदैंन । उक्त चौबाटोमा आगो बाल्नुमा बनेपालीहरूको दुई किसिमको धारणा पाइन्छ । आगो बालिएको ठाउँमा ज्वाला नामक राक्षस रहन्थ्यो र त्यसैको प्रतिक आगो बालिन्छ । दोश्रो धारणा उक्त आगो बाल्ने ठाउँमा परापूर्वककालमा एक ज्वालामुखी पहाड थियो । परम्परा जे भएपनि स्मरणिय छ की चिराग यात्रामा सम्मिलिति हुने कुनै पनि व्यक्तिले उक्त आगोलाई स्पर्श

३. पौडेल, पूर्ववत (पाद टिप्पणी नं० १) पृ० १३
४. स्थानीय जनविश्वासको आधारमा !

नगरीकन जानु पर्दछ । यस चिराग जात्रा मध्यरातमा हुने भएकोले अत्यन्त रमणिय छ । चण्डेश्वरी मन्दिरको आँगनबाट उक्त दृश्य हेर्दा मन्दिरमा पुगेपछि मन्दिरलाई परिक्रमा गरि चण्डेश्वरी मन्दिरको करीब एक किलो मिटर उत्तर अवस्थित जलेश्वर महादेव खोलामा चिराग फालिन्छ र सबैजना खोलामा नुहाई चोखो भई घर फर्कन्छन् । यस चिराग जात्राको लागि जग्गा छुट्याइएको थियो । उक्त जग्गामा तेल पेल्ने साल (कोल) बनाईएको र त्यसैको आम्दानीबाट चिराग गुठी चलाइदएथ्यो । पछि १६४४ मा बनेपाका साल्मी मानवीरले यसु सालको गुठीयारहरुलाई सारा बेठी बगार, उधाउनी पुघानी, साउने फ गु माफ गरी दिएकोले असफले टोलको सालमा पनि उक्त सुविधा दिन हुन भनी विन्तीपत्र दिएको देखिएकोले चिराग जात्राको लागि पहिले जग्गा छुट्याइएको कुरा निर्विवाद छ ।[5] हालको चण्डेश्वरी मन्दिरसंग सम्बन्धित पुजारीहरु उक्त जग्गा बारे अनभिज्ञ छन् । चतुर्दशीको दिन बनेपालीहरुले यसरी साँघा टोलबाट चिराग यात्रा शुरु गर्ने गरेको नै छ ।

चतुर्दशी शुद्ध रातमा बनेपा दथुटोल लायकुबाट १२ वटा बोका र पूजा सामाग्रीहरू लिई चण्डेश्वरी स्थानमा पूजा गर्न जाने चलन छ । बनेपा का भैल खलकले उपरोक्त बोका तथा पूजा सामाग्रीहरू जोरजाम गरेर बनेपाका द्वारेलाई बुलाउने गर्दछन् र द्वारे आफैं पूजाका लागि चण्डेश्वरी स्थान जाने गर्दछ । यसरी द्वारेलाई जिम्मा लगाईनु र द्वारे नै अगुवा हुनुबाट मल्लकालमा द्वारेको महत्व तथा उत्तरदाइत्व स्पष्ट हुन्छ । चण्डेश्वरी स्थान पुगिसकेपछि मन्दिर पछाडी रहेको पिंग देवतालाई विशेष पूजा गरिन्छ र बाह्र वटा बोकाहरूको बलि दिइन्छ । बलि दिएको बाह्र वटा बोकाहरूको कम्मर देखि माथिल्लो भागको मासु पूर्णिमाको भोली पल्ट गरिने 'कलदान' पूजाको लागि छुट्याइन्छ र बाँकी भाग मासु पूजारीहरू आपसमा बाँडी लिने गर्दछन् ।

भोलीपल्ट पूर्णिमाको बिहान सबेरै झिसमिसेमा बनेपा साँघा टोलबाट 'मतपूजा' भन्ने पूजा गरिन्छ । यस मत पूजामा बत्तीको पाला राख्न हुनेगरी नरकटको तोरण जस्तो बनाइन्छ र उक्त बत्ती रहितको नरकटको तोरण लाई एक जना मानिसले बोकी अघि लाग्छ । त्यस बत्ती बोक्ने मानिसको पछाडी श्रद्धालु भक्तहरू हातमा एउटा पाला (लक्ष्मी पूजामा बाल्ने जस्तो) लिई पछि लाग्दछन् । र मन्दिर परिक्रमा गरी चिराग जात्रामा जस्तै जलेश्वर महादेव स्थान गई शुद्ध भई आ–आफ्ना घर फर्कन्छन् ।

वैशाख पूर्णिमाको दिन चण्डेश्वरीको खट जात्रा हुन्छ । चण्डेश्वरीको खट बनेपा तीन धारा टोलको दबु (जमिनबाट एक दुई फिट उठेको चौकोट) मा बनेपाका मानन्धरहरू पूर्णिमाको दुई दिन अगाडी बनाउन शुरू गरी भोलीपल्ट रात नहुँदै पुरा गराईन्छ । पूर्णिमाको बिहान खट बनाईएको दबुमा कानफट्टा जोगी एक जनालाई त्याई पूजा गर्न लगाइन्छ । पुजामा एउटा थुमा बली दिइन्छ । स्मरणिय छ–दबु पूजा अरू व्यक्तिबाट नभई कानफट्टा योगीबाट नै गरिन्छ । बनेपामा कानफट्टा योगी नभएबाट भक्तपुर वा काठमाडौं बाट अध्यपी ल्याउने चलन छ ।

मझोला खालको खट बनेपा वडु टोलका कर्माचार्यहरूले आफ्नै जिम्मामा बनाउँछन् । खट बनाउन सकिए पछि त्यति ठूलो बस्ता गरिए जस्तै पूजा गर्नु पर्दैन । अर्को चार जनाले मात्र बोक्न हुने सानो खट जसलाई

५. परिशिष्ट संख्या-१

पिलाखः भनिन्छ लायकु टोलमा राखेको हुन्छ । उक्त खट द्वारे मार्फत लिएर थोध टोलमा ल्याई पुन्याउँछन् ।

यसरी चण्डेश्वरी देवीको खट यात्रामा तीनवटा खट सम्मिलित हुन्छन् । यी तीनैवटा खाली खटलाई 'पोखे' भनिन्छ । नेवारी भाषामा 'पो' को अर्थ खाली, रित्तो, खः को अर्थ खट हो । यी तीनैवटा खट बोकी अपरान्ह तिर चण्डेश्वरी मन्दिरतिर बाजा सहित लाग्छन् । चण्डेश्वरीको ठूलो खट दुई ठूलठूला काठका ससरीमा आधार गरी बनाईएको हुन्छ । उक्त खट बोक्न थुप्रै मानिसहरूको आवश्यक पर्दछ तापनि बनेपाका साल्मी (मानन्धर)हरू र पुतवारहरूले मात्र सो बोक्छन् । यी साल्मी तथा पुतवारहरूलाई पोंख जात्रा शुरु गर्नु अघि घर घरमा बमजा सहित लिन पठाउने चलन छ जुन द्वारेको जिम्मामा हुन्छ । तिनै वटा पोंखः चण्डेश्वरी मन्दिरको आगन बाहिर पुगेपछि त्यस ठाउँमा रहेको दबुमा ठूलो खट राखिन्छ । दबुमा खट राखिसकेपछि बनेमा वकु टोलका तौनले (जात विशेष)हरूले आफ्नो जिम्मामा रहेको सुनको मोल सहितको तोरण ल्याई खटमा जडान गरि दिन्छ र पोखः जात्रा यहिने विसर्जन हुन्छ ।

त्यस पछि जात्रको सिलसिलामा पूर्णिमाको दिन अपरान्हतिर यो छें बाट जात्रा गर्न देवीको प्रतिमा लाई मन्दिरमा लगेर राखेको हुन्छ । देवीको प्रतिमालाई पूजारीहरूले मन्दिरबाट बाहिर ल्याउँदा हातमा लफा (हात सुताएर ल्याउने) गरी ल्याएर पोखः मा राखिने चलन छ । यसरी देवीलाई लफा गरी खटमा राख्नु पर्ने बारेमा पनि बिभिन्न किम्वदन्तीहरू पाईन्छ जसअनुसार धेरै वर्ष अगाडि करुणामयको जात्रामा सबै देवगणहरू निम्तोमा गएका थिए । चण्डेश्वरी देवी समयमा पुग्न सकिनन् र जात्रा सकेपछि भनी आफ्ना बच्चाहरूका साथमा मध्य गर्मीमा त्यहाँ पुगेर खाने कुरामागिन् अरू देवगणहरूले हामीले त खाइसक्यौं, तिमि जहाँबाट भए पनि खाएर जानु भन्दा चण्डेश्वरी देवीले रिसाएर पाटनको खुसटोलको सबै मानिसहरू खाएर बनेपा फर्किन् । देवगणहरूलें पनि कोप भई चण्डेश्वरीको जात्रामा बदला लिने विचार गरे । चण्डेश्वरीदेवीले यो थाहा पाई पुजारी-हरूलाई बोलाई मेरो भनेको मानेमा सबैजनाको ज्यान बच्छ भनी केही सल्लाह दिइन् । देवीको सल्लाह अनुसार पुजारीले श्री देवीको जात्राको बेला देवीलाई दुई हातमा लम्पसार गरी सुताएर, शव यात्रामा बजाइने बाजा अघि लगाई, शोक गीत साथ मलामीहरू पछि लागेको जस्तो गरी देवीलाई मूल मन्दिरबाट बाहिर ल्याई 'पोंखः' मा राखे । जात्रामा बदला लिन आएका देवगणहरूले सो प्रसोच बारे सोधनी गरे । सबैले देवी मरेको बताए । देवी मरेकी मम्भी बदला लिन आएका देवगणहरू सब फर्के ।

देवीलाई पोंखःमा राख्नु अगाडि देवीको गोप्य पूजा हुन्छ । कपडाले ढाकिएको देवीको प्रतिमा द्वारेलाई जिम्मा लगाइन्छ । त्यसपछि देवीको प्रतिमा भएको खट बनेपा नगरतर्फ लगिन्छ । पूर्णिमाको दिन उक्त देवीको खट जहाँसम्म सकिन्छ त्यहाँसम्म मात्र लगिन्छ अर्थात् पूर्णिमाको दिन खटलाई बनेपा शहरमा नपुन्याई बीच बाटैमा छोडी सब आ-आफ्नो घरमा जान्छन् । खटको सुरक्षाको जिम्मा पुजारीहरू र पुलिसहरूमा हुन्छ । पूर्णिमा-को भोलिपल्ट सबै टोल टोलबाट अघिल्लो दिनमा जस्तै बाजा सहित खट रहेको स्थानसम्म गई पुनः देवीको खटलाई जात्रा गर्दै ल्याइन्छ ।

घोग चउरको मोहालमा पुगे बित्तिकै खटलाई एकछिन विश्राम गराइन्छ । त्यस ठाउँमा एउटा स्मसान छ र नजिकै भैरव कुण्ड नामक सानो एउटा जलासय छ । सबैजना त्यस जलासयको पानी लिएर आँखा स्पर्श गर्छन् । देवीले दैत्यको वध गरिसकेपछि पापमोचनको निम्ति त्यस कुण्डको पानीले सेचन गरेकी थिइन् भन्ने किंवदन्तीको आधारमा यसो गरिएको हो ।

बनेपा शहरभित्र खट यात्रा हुँदा शहरका भक्तजनहरूले घर घरबाट फूल, अबीर, अक्षता र भिजाएको केराउ खटतिर फ्याँक्ने चलन छ । फ्याँकिएका ती केराउका गेडाहरू टिप्दै खाएर खट बोक्नेहरू आफ्नो प्यास बुझाउँछन् भन्ने विश्वास छ । यसरी लगिएका खट बनेपाको बकुटोलमा बिसाइन्छ र लसकुस (विशेष स्वागत कार्य) गरिन्छ । उक्त खट बिसाएको ठाउँमा रहेको ठूलो ढुङ्गामा चण्डासुरको प्रति कृति सिन्दुरले लेखेको हुन्छ । खटलाई त्यहीं बिसाइन्छ । ब्राह्मणहरूको निर्देशनमा सो कार्य बेलबिवाह नभएको केटीहरूद्वारा सम्पन्न गराइन्छ । देवीको पहिलो दर्शन नाइके पुतवारको कन्याकेटी छोरीहरूले गरेपछि अरू भक्तजनहरूले हेर्नु हुन्छ ।[6] लसकुस कार्य सकिएपछि फेरि नगर परिक्रमा गराउन दक्षुटोलमा देवीको खट लगिन्छ । त्यहाँ द्वारे मार्फत सरकारी पूजा हुन्छ । यस पूजामा देवीलाई हाँस बली दिनुपर्छ । पूजा सकेपछि देवी भएको खट फेरि बकुटोलमा ल्याइन्छ । त्यही समय-मा बकुटोलको न्हेकं चपामा कलंदान भन्ने कार्य हुन्छ ।[7] यस कार्यमा अघिल्लो दिन चण्डेश्वरी मन्दिर पछाडि पिङ्ग देवतामा काटिएको बोकाहरूको कम्मरदेखि माथिको भागको मासुको साना साना चोक्टाहरू र बटामरीका टुक्राहरू छरिन्छन् । ती टुक्राहरू हात पार्न सकेमा भाग्यवानी भइन्छ भन्ने स्थानीय विश्वास भएकोले मानिसहरूको घुइँचो लाग्छ । कलंदान कार्य सकेपछि देवी भएको खट जात्रा सहित चण्डेश्वरी मन्दिरको घर्छेतर्फ लगिन्छ । देवीलाई माथि उल्लेखित तीनै किसिमको खटमा राखेर लानु नसकेको खण्डमा पुजारीले लर्पा गरी लग्नु पर्छ । लर्पा गर्दा पुजारी बाहेक अरूले छुनु हुँदैन । द्वितीयाको दिन दिनभरी नै देवीलाई सगुन दिने काम हुन्छ । तृतीयाको दिन १२ बजेसम्म मात्र देवीलाई सगुन र दर्शन गर्ने अवसर पाउँछन् । १२ बजेपछि गुठी पूजा हुन्छ । सो सकेपछि घर्छेमा देवी दर्शन गर्न जाने र सगुन दिने कार्य बन्द हुन्छ । चतुर्थीको दिन देवीको सबै गहनाहरू जुन अगाडीनै घर्छेबाट मन्दिरमा लगिराखेको हुन्छ ती सबै गहनाहरू देवीको मुकुट सहित पीलाखः (चारजना मानिसःहरूले मात्र बोक्ने खट) मा राखी जात्रा गरेर लायकु दरबारमा ल्याइन्छ । सबै पुजारीहरु, द्वारे र सरकारी कर्मचारीको रोहवरमा गहनाको जाँच गरिन्छ । जाँचमा ठीक भएमा सिल राखि बन्द गरी पुजारीलाई जिम्मा दिने काम हुन्छ । सो सबै गहनाहरुलाई फेरी पिलाखमा राखी जात्रा सहित चण्डेश्वरी मन्दिरको घर्छेमा राखिन्छ र बनेपाको सो भव्य जात्रा विसर्जन हुन्छ ।

प्रायः नेपालका सबै उत्सवहरु कुनै न कुनै पौराणिक वा ऐतिहासिक कथाहरु संग जोडिएका हुन्छन् । चण्डेश्वरी उत्सवको बारेमा प्रचलित वंशावलीहरुमा संक्षिप्त उल्लेख पाइन्छ । स्थानीय बनेपालीहरुको देवीको उत्पतिबारे आफ्नै किसिमको विश्वास छ । उनीहरु देवीलाई प्रत्यक्ष मान्छन् । अस्तु ।

६. आशाकाजी कर्माचार्य, वर्ष ७०, बनेपा बकुटोल, वडा नं० १ को सूचना अनुसार

७. ईश्वरलाल श्रेष्ठ, वर्ष ५०, बनेपा बकुटोल बाट पाएको सूचना अनुसार ।

परिशिष्ट– १

## क. (अप्रकाशित लगत)

पोका नं० १ श्री चण्डेश्वरीस्थान समेतमा पर्वपर्वमा बत्ती बाल्ने सम्बन्धमा बनेपा बस्ने मानबीर साल्मी का बिन्तीपत्र बमोजिम सदर दाम दरखानाले १९४४ सालको तोक सदर सहितको रिपोर्ट मिसिल–

बिन्ती पत्रम्

उप्रान्त महाराज करुणानिधान जुद्धीस्थिर धर्माओतार हजुर उदेव र्भ बक्स्याको छ प्रभु चण्डेश्वरीका रथ जात्रामा चिराक बाल्नाके र श्री लोकेश्वरका स्थानमा चण्डी पूर्णिमाका दिन गोनालमा १०८ तुक श्री गणेशका स्थानमा १०१ पर्वपर्वमा बती बाल्ना समेत के श्र ेर देखिको हाम्रा मुनाविर्ता धतफवने टोलका जगामा मैले साल बनाई गुठी राखी सो सालका पैदावारले सो गुठी चलाई आयाको थियौं । यस्तु सालमा झारा बेठी बेगार हुलाक उघाउनी-पुघाउनी लाउने फागु माफ गरी बक्स्यो भन्या यथु सालका प्रभु गुठीयारलाई गुठी राखे बमोजिम रकम कलम माफ गरी बक्स्यो भनी नीज गुठीका गुठीयार लाई सनद गरियाका छन् सोही बमोजिम मेरा नाउंमा पनि सो गुठी राखे बमोजिम ऐं–ऐं बेठी बेगार हुलाक उघाउनी पुघाउनी लाउने । फागु समेत माफ गरी बक्स्यो भन्या सनद गरी बक्स्या सो देव देवतामा चिराक गोनालमा बत्ती बाली हजुरको जय मनाई रहँदा हुँ जो मर्जी हुकुम–

इत सदा सेवक गुलाम बनेपाको मानवीर साल्मीको दिन प्रति कोटी–कोटी साष्टाङ्ग दण्डवत, कुर्णस, कुर्णत इति सम्वत् १९४४ साल मिति बदि रोज गु-

## ख. सदर दफतर खानाले बोल्याको

मैंने श्री चण्डेश्वरीका रथ जात्रामा चिराक बाल्नाके र श्री लोकेश्वर का स्थानमा चण्डी पूर्णका दिन गोनालमा १०८ तुक श्री गणेशका स्थानमा १०८ पर्व पर्वमा बत्ती बाल्ना समेत कै हाम्रा मुनविर्ता अक्षफले , टोल का गुठीयारलाई माफ बक्स्या बमोजिम मेरा नाउंमा झारा बेठी बेगार हुलाक उघाउनी पुघाउनी लाउने फागु समेत माफ गरी पाउँला हुँ भन्या मुद्दा रहेछ ।

यसमा बिन्तीपत्रको बेहोरा बिन्ती पर्दा यसका बिन्तीपत्रको बेहोरा ऐं ऐं अरूले पाए नपाएको साबिक बुझी यसले झारा बेठी बेगार माफी पाउन्या नपाउन्या ठहराई बिन्ति पारी हुकुम बक्स्या बमोजिम गरिदिनु भन्या मर्जी भयाको छ भनी अदालत गोश्वराबाट छाप लगाई पठायाको हुनाले र अरूले माफी पाया नपायाको प्रमाण यसले केही नल्यायाको हुनाले अरूले माफि पायाको प्रमाण ल्याउनु र बुझी सरकारमा बिन्ती चढाउला जो हुकुम बक्सीयेला सो बमोजिम होला भनी यसलाई सुनाई दिया ठीक पर्ला कि भन्या हाम्रा दीलमा लाग्छ जो मर्जी जो हुकुम–

सरदार भक्तबीर राजभंडारी - १

खरीदार रत्नमान - १

खरिदार जीत बहादुर - १

इति संवत् १९४४ साल मिति पौस वदि १४ रोज ४ शु–

## ग. मुलुकी अड्डाले बोलेको

यसमा सदर दफ्तर खानाले बोलेकोमुनासिव रहेछ जो मर्जी हुकुम–

सुब्बा चिरंजी पाध्या - १

सुब्बा सीव प्रसाद पाध्या - १

सुब्बा कृष्ण मान - १

१९ ४४ साल पौस वदि १५ रोज ५ शु–

Nepalese Culture, Vols. VII -VIII

# नेपाली हस्तलिखित ग्रन्थमा कोरिएका मानव चेहरा, लुगा गहना, र बुट्टाहरू

वीणा पौड्याल

चित्र कलाका विभिन्न नमूनाहरू मध्ये ग्रन्थ चित्र पनि एक हो । ग्रन्थ चित्र भन्नाले प्राचीन समयका हस्तलिखित ग्रन्थहरूमा गातामा तथा ग्रन्थको भित्र पट्टि विभिन्न रुपले बनाइएका चित्रहरु बुझिन्छ । शुरु शुरुमा हस्तलिखित ग्रन्थहरूलाई आकर्षित बनाउन तथा ग्रन्थको धार्मिक दृष्टिकोण व्यक्त गर्न विभिन्न चित्रहरू बनाइन्थे । यही परम्पराले गर्दा ग्रन्थ चित्रले विकास गर्न पायो । नेपालमा दशौं शताब्दी देखि नै का ग्रन्थ चित्रहरू पाइएका छन् । प्रस्तुत लेखमा यस्ता ग्रन्थ चित्रहरूमा कोरिएका मानव चेहरा, गहना, लुगा र बुट्टाहरू बारे संक्षेपमा चर्चा गरिएको छ ।

हस्तलिखित ग्रन्थका सानो ठाउंमा साना साना चित्रहरू नआए तापनि अनुहार भने प्रष्टै देखिन्छ । नेपाली हस्तलिखित ग्रन्थहरूमा देखाउने पुरा अनुहार र आधा अनुहारले झलक्क अजन्ता शैलीको संझना गराउंछ । दशौं शताब्दी देखिको ग्रन्थ चित्रमानै मानिसको अनुहार आधा देखाउन थालिएकोछ । यही पछि गएर सत्रौंशताब्दी सम्म चालू छ । यसरी मुख आधा देखाउने परंपरा मानिसको चित्रमा मात्रै होइन, देवताको चित्रमा पनि बरु मात्रामा पाइन्छ । श्री मनवज्रका अनुसार पन्ध्रौं शताब्दी भन्दा पहिले लेखिएका मानव चेहराहरूमा सपाद अर्ध चेहरा नै देखिए तापनि चेहराको नाक मुख मण्डलबाट बाहिर निस्केको छैन र चिउंडो पनि त्यतिको गोल परी उठेको छैन । तर पन्ध्रौं शताब्दी पछिका सपाद–अर्ध चेहरामा नाक क्रमश चुच्चो हुंदै बाहिर उठ्न लागेको छ । अठारौं शताब्दी देखि सपाद–अर्ध चेहराको आंशिक रुप क्रमश बिलाउंदै पूर्णतया अर्धचेहराको मानव रूप देखिन थाल्यो ।[1] मानिसको चित्र त दुई आंखा, एक नाक र मुख अनि दुई कान, दुई हात खुट्टा भएका नै छन् तर अलौकिक स्त्री

1. मनवज्र वज्राचार्य–नेपालको मध्यकालीन कला, काठमाडौंः सूचना विभाग, पृ० ३२

पुरुषको भने बहुशिर र बहुभुजाधारी देखाइएको छ । मध्यकालमा देवता र मानव दुवैको मुखाकृति बनाउँदा भिरालो निधार, लामो चुच्चो नाक बनाउने प्रचलन प्रचलित थियो ।

धर्ममा तान्त्रिक प्रभाव परेपछि चित्रको बनावट र रंगमा निकै फरक आयो । मानिसको चेहरा बनाउँदा त्यसको आकार प्रकार भन्दा बढी जोड त्यसको व्यक्तित्व, पेशा आदिको लाक्षणिक तत्वहरूमा दिइयो । यही हेतु नै राजाको या सेनापतिको चित्रलेखन गर्दा त्यसबेलाको व्यक्तिगत चेहरा संग कुनै सम्बन्ध रहेन किन्तु प्रतीक-वादी मनोवृत्तिले कुनै मानव चेहरामा कुनै नामधारी राजाको लाक्षणिक तत्वहरू मात्रा समावेश गरि दिए पुग्ने भयो[५] यसैले होला मानव चेहरा पुरा नदेखाएर कतै आधा, कतै तीन भाग देखाउन थालियो । भारतका अजन्ता र एलोरा (गुप्तकालिन) का सुन्दरीहरूका नाकदेखि कानसम्म पुग्ने आंखा (मृगनयनी ?) जस्तै लाम्चा आँखाहरू पनि अन्य चित्रमा देखिन थाले । रामायणमा कुनै पुरुषको आंखालाई कमलसँग तुलना गरेको थाहा पाएर कलाकारले विष्णुको रामावतारको आंखा कमलको फूल जस्तै बनायो । यसरी आँखा बनाउँदा मृग. कमलको फूल र माछोको आँखा अनुरूप बनाइए ।

हाम्रो चित्रकलाको मुख्य विषय धार्मिक भएको र धेरै जसो शैव देवीको चित्र नै बनाइने हुँदा सर्वसाधा-रण जनताको लुगाको बारेमा थाहा पाउन कठिन पर्दछ । ग्रन्थहरू धेरै बौद्ध धर्म सम्बन्धि भएका हुनाले त्यसबाट भिक्षु भिक्षुणीका लुगा बारे मात्रै थाहा पाइएता पनि समय समयमा बदलिँदै आएको लुगा गहनाबाट तिनताकको समाज बारे केही जान्न सकिन्छ ।

धेरै जसो केटा र केटीहरूका लुगा पारदर्शक छन् । कम्मर भन्दा माथि केटाको मात्रै हैन केटीका पनि लुगा नभएका धेरै चित्रहरू छन् । केटाहरूको मुख्य लुगा धोती नै दृष्टिगोचर हुन्छ । तर पनि अरू प्रकारका लुगा जस्तै जामा आदिको प्रयोग पनि पाइन्छ । हस्तलिखित ग्रन्थह रिवंशमा केटा पात्रहरूले धोती लगाएका छन् भने कंशका अंगरक्षकहरूले जामा जस्तै लुगा पनि लगाएका छन् । केटीहरू दुपट्टा ओढेका र आधा बाहुले चोलोमा पनि छन् ।

दशौं शताब्दीदेखि सोह्रौं शताब्दी सम्मका प्रालम्बहरू झ्याट्ट हेर्दा एकै प्रकारका देखिन्छन् । हुन त कुनै कुनै चित्रमा यो हावामा मज्जासँग उडेको त कुनैमा घुमरिएको पनि छ । पछिको मल्लकालको दौंजोमा अघिको मल्लकालका प्रालम्ब पातलो छन् । धोतीका पट्टाहरूमा साधारण फरक देखा परेता पनि लगाउने तरीकामा फरक पाइदैन । तर अठारौं शताब्दी पछिका चित्रमा देवीले शरीरमा कम्मर भन्दा माथि चोलो पनि लगाएका छन् ।

भारत कला भवन बनारस भारतको संग्रहमा रहेको एक नेपाली हस्त लिखित ग्रन्थ दुर्गा सप्तशतीमा ध्यान अनुसारका देवीका विभीन्न मुद्रा छन् । यसमा देवीले कम्मर भन्दा मुनी लगाएको लुगालाई नै फरिया भनिन्छ, अगाडी मुजा पारेर लगाइन्छ भने छातीमा सप्को पनि हालिन्छ । चोलो भने बढी कसिएको र छोटो छ । नेपाली चोलो भनेर हामी जुन लामो बाहुला भएको र तुना बाध्ने चोलोलाई भन्दछौं त्यो भन्दा यी चित्रमा भएका ब्लाउजमा निकै अन्तर छ । भारत कला भवन कै अर्को ग्रन्थ (नं० ४८२२)मा भएको चित्रका चोली सारै छोटो र

---

२. वही, पृ २०

बाहुला पनि नभएको छ । पंचरक्षा ग्रन्थमा देवीको माथिल्लो अंग छोप्न पनि [साह्रै मुश्किल छ ।

भारत कला भवनमा रहेको राजा जय प्रकाश मल्लको एक ग्रन्थ चित्रमा जय प्रकाश मल्लको लुगाको ढांचा हेर्दा समकालिन उत्तरभारतको दरबारिया लुगा जस्तो छ । जामा फुर्र फुकेको र राम्रा फुल बुट्टा भएको छ र त्यसमाथि पटुका पनि कसिएको छ । पगरी पनि निर्कै सिगारिएको छ पगरीमा बहुमूल्य पीन र काला चराका प्वांखहरू घुसारिएका छन् ।

भारत कला भवन मैं रहेको यस समयको राजपरिवारले पुजा गरिरहेको ग्रन्थचित्रबाट पनि नेपाली समाजको लुगा बारे थाहा पाउन सकिन्छ । यसमा भएका चार जना स्त्रीहरूको फरिया रंगीन र राम्रा बुट्टा भएका छन्, चोलो लामो बाहुले छ अनि दुपट्टा पारदर्शक । कपाल भने घाँटी माथि जुरो बनाएको देखिन्छ र सेतो फूल पनि घुसारेका छन् । गहनामा बाला, मोतिको माला र कानमा गहना छन् ।

नेपाली ग्रन्थहरूमा देवताको वर्णन अनुसारका गहना प्रयोगमा ल्याएको देखिन्छ । चित्रकलाको विकास क्रममा गहनाको लवाई पनि फरक फरक छन् । श्री पेच, केयुर, नेक्लेस, बाला, कानमा कुण्डलको प्रयोग धेरै ग्रन्थ चित्रमा पाइन्छन् । केटा र केटी दुवैले गहना लगाए तापनि केटाको गहना अलि कम नै हुन्थ्यो । केटाहरूले पनि मोतीको हारमा प्रयोग गर्दथे–एउटा छोटो छातीमैं टाँस्सिएको र अर्को लामो खालको ।

देवता र देवीहरूको चित्रमा धेरै जसो एकै प्रकारको गहनाको प्रयोग देखिन्छ । समयमा अलिकता फरक परेता पनि दशौं शताब्दी सम्म एक प्रकारका गहनाको प्रयोग देखा पर्दछ । चुच्चो परेको जटा, मुकुट, बुट्टेदार केयुर, र किरीटको प्रयोग बढी छ । एघारौं शताब्दीको केटीहरूले लगाएका मुकुट र तेह्रौं शताब्दीको केटी कै मुकुटमा निर्कै फरक पाइन्छ । एक मुखे, कपालको श्रृंगार देखिने] खालको मुकुट एघारौं शताब्दीको छ भने तेह्रौं शताब्दीको कपाल जम्मै ढाक्ने र मोतिको मालाले निधार सम्म ढाक्ने खाले छ । पन्ध्रौं शताब्दी देखि जटा मुकुट, किरिट मुख भएता पनि शुरूमा जस्तो चुच्चो भने छैन । शुरूका चित्रमा रत्न जडेको उस्तो देखिदैन थियो । तर पछि रत्न जडिएका गहना हुन थाले । बौद्ध र हिन्दू देव देवीहरूले गहनाको रूपमा अस्थिको प्रयोग पनि प्रशस्त गरेका छन् । कुनै कुनै बौद्ध देव देवीहरूले जामाको सट्टा मानिसको खप्परको माला जामा पनि लगाएका छन् । यो वज्रयान धर्मको प्रभावको कारण हो ।

ग्रन्थहरूमा धेरै जसो देखिने मुकुटमा मुकुट, जटा मुकुट, किरीट मुकुट नै मुख्य हुन । मोटामोटी रूपमा गहनाको प्रयोग हेर्दा, सुन (कानको गहना) मुन्द्रो, नेक्लेस, फुलो, चुरा र बाला नै मुख्य छन् ।

देव देवीहरूको शास्त्रमा वर्णन गरिए अनुसारको सर्पको, हाडको, मानिसको खप्पर आदिको गहना र बाघको छाला तथा मृगको लुगा लगाई पनि चित्रकलामा पाइन्छ ।

लुगा गहनाकै सन्दर्भमा अब पालो छ ग्रन्थहरूमा प्रयोग भएका बुट्टाहरूको । सिपालु नेपाली कलाकारले ग्रन्थको शोभाको लागि कुनै सानो ठाउं पनि सेत्य नछोडेर अनेकौं प्रकारका बुट्टा द्वारा भरेका छन् । ग्रन्थको गाता

मा लहराको चित्र निकै राम्रोसंग बनाएको सबै जसोमा पाइन्छ । यसका अतिरिक्त कोठा कोठा छुट्याउन ढोका र तोरणको आकार दिएकोमा पनि ज्यादै मिहिन बुट्टाहरू छन् । बाह्रौं शताब्दी देखि तोरण द्वारको चित्र ग्रन्थमा देखा पर्न थाल्यो । तोरणद्वारको सबभन्दा तल पूर्णकलशको रूप दिएको हुन्छ । त्यसमाथि केराको बोट अनि दायाँ बायाँ खम्बा स्तम्भ रहेका हुन्छन्, जसमाथि ठूलो र लामो सर्पलाई निल्न लागेको एक भयानक जन्तु (छेपु) को चित्र हुन्छ । ग्रन्थको पाताका र भित्री पातामा पनि कुनै ठाउँ खेर नफालेर त्यसमा अनेक प्रकारको बुट्टा भरिएका कुरा हामी देख्दछौं । पहाड, खोला, आकाश, चन्द्र सूर्य, हिमाल र साथ साथै आकाशमा चरा उडेको दृश्य पनि विभिन्न ग्रन्थमा देखा पर्दछन् । यसै गरी सानो बगैंचा, रूख, बरण्डा आदि पनि ग्रन्थ चित्रमा चित्रित छन् । यस्ता दृश्यहरू पन्ध्रौं शताब्दीदेखि सत्रौं शताब्दी सम्म बढी छन् । अठारौं शताब्दीपछि लताहरूको सट्टा पहाड, आकाश, बादलका बुट्टा छन् अठारौं शताब्दी पछि बरण्डा, बगैंचा, रूख आदिको चित्र नै धेरै जसो ग्रन्थमा छन् । कुनै कुनै ग्रन्थमा जन्तुको चित्र बनाए पनि त्यो त्यति प्रभावकारी छैन । जनावरहरू हिंडडुल गर्ने प्राणी जस्तो हुँन बरू खेलौना जस्तो देखिन्छन् । 'हितोपदेश' बाहेक अरू ग्रन्थमा जनावरहरूको चित्र पाईदैन भने हुन्छ । हुनत माछो, कछुवा, बनेल, सिंह, सर्पको चित्र पाइन्छ, तर ती सबै भगवान विष्णुको अवतारको सन्दर्भमा आएका छन् । देवदेवताको पछाडि देखिने ज्वालामुखी प्रभामण्डलहरू पनि प्राचिन चित्रहरूमा साधारण हल्का खालका छन् भने पछि गएर बढी भद्दा र कलात्मक भएका छन् ।

# Book Review

*The Chepangs: A Study in Continuity and Change*. by Ganesh Man Gurung. 1989: Lalitpur: S. B. Shshi. Price: Not mainteind. pp. 156.

This small and handy but informative Chepang monograph by Dr. Ganesh Gurung adds to the evergrowing anthropological literature in Nepal. It also is the latest and the only of its kind on the semi-nomadic community of central Nepali hill, especially of trans-Mahabharata region spanning from southern Dhading in the north to Chitwan to the South.

Thanks to the growing interest in and efforts of the sociologists / anthropologists and development planners, the Chepang is no more a shy, simple and serene tribe living with its "own mythology, customs, beliefs and rituals for centuries," unawere of and indifferent to the rapid social-economic and cultural changes that its 'more civilised,' big Tradition nieghbours just across the hills and forest-belts went through in the 20th century. Dr. Gurung has made successful and appreciable inroads into the life of a people that is reluctantly and gradually moving towards the threshold of change.

The monograph, divided into eight chapters, list of tables, footnotes, glossary, bibliography and index, is a product of the author's fieldwork among the two Chepang settlements: Taltikhola and Khandrungkhola, physically justaposed on either side of the Mahabharata hills Also, the Chepang of the two sites differ from one another in terms of social-economic background, style of living and leval and extent of contact with outside, world, that is playing agent of change for them. At a time when change phenomen mark the social-economic and cultural life in the country, the life of Chepang people is least prone to change. Their technology is primitive, resources are traditional and inclination toward seiz-

ing opportunities is governed by such factors as geography, social-economic status, and availability of means, hence adherence to tradition. The writer argues that the Chepang are not "aware of any rights, nor have even been benifitted by the government planning." Through the study, the writer anticipates, therefore, to make known to the concerned "the role and significance of an ethnic grpup in the process of national integration." The data and the explanation presented in the book can support the claim of the writer. His attempt to systematically organize differrent aspects of Chepang life such as social, economic, ritual-religious and the latest effort imposed from outside (esp. the government projects like the Praja Development Programme) to change their lifestyle is appreciable. Atleast seven pertinent questions provide premises for the writer to proceed with the research on a tribe that had only attracted a handful of stray writers, vistors and sociologists-anthropologists in the past decade. It is a people that has travelled a long way to change its socio-economic status from 'sprimitive forestry to neopeasantry'. More remarkably, their growing contact with the outside world—be it through the highway construction or other development plans-has posed them challenges. The ageold ecological balance with nature they have maintained throughout their history is now progressively delicate and the writer genuinely expreeses his concern that it is undergoing through 'rapid change' (p.41). The soure of their traditional food is depleting and posing greater threat ever. This reality which is based on his research and observation is and should be the main concern for those who are involved in the economic wellbeing of these people and those who like to see to it that implementation of such projects does not lead to the ultimate demise of a culture, a tradition and a people that has added a distinct color in the ethnic mozaic of Nepal. When the government and its agencies are accountable for the development of backward areas such as Talti and Khandrangkhola, it is to be noted that preservation of people's identity should not be tampered within the name of bringing people into the mainstream of soci-opolitical-econmic life of the nation as a whole. It is a conclusion that the reader would not raise his finger at.

On the technical side, one may feel that a scientific work such as this could have been printed better given the existing facility available in our market today. Considerable economization is visible in the production of tables, charts and photos. Work on a tribe that is heading toward extinction as a semi-nomadic group most certainly calls for tools such as drawings, photos, and maps depicting various aspects of life. If the second edition of the book fulfils these demands then one should wish it form the core of one's heart. In any case, Dr. Gurung's work is laudable and given the increasing printing cost, the price is right.

**—Prem K. Khatry**

# Book Review

*Conflict in Asia, A case study of Nepal;* by Husain, Dr. Asad and Anwar, Asifa. New Delhi, India: Classical Publication, 1979. Map and Index, pp. 88+X, Price Rs. 35 I. C. Hard Cover.

Dr. Asad Husain, who achieved scholarly fame for his well researched work titled 'BRITISH INDIA'S RELATIONS WITH THE KINGDOM OF NEPAL': has co-authored, along with his wife Mrs. Asifa Anwar, the book under review here.

The book is divided into five chapters. The opening chapter contains a brief geographical description of Nepal. The second chapter narrates Indo-Nepal relations since 1947. Three decades of this relationship has been divided into two parts-the initial phase of 'cordial paternalism' (1947-1960) and the period of conceptual political differences (1961--1978). Nothing new ispresented here since the chapter is satuarated with nothing but Pt. Nehru's speeches on Nepal Nepal's relations with its northern neighbours, have been discussed in the following chapter. The chapter tries to explain the role of Nepal as an intermediary between the two powerful neighbours, but again is based mainly on the viewpoints of the Nepalese Press on Sino-Nepal relations. Some pagas of the fourth chapter seem to tally irrelevent and would have best been left out. The final chapter of the book attempts to evaluate Nepal's relation with India and China and gives brief notes on the prominent political leaders of Nepal. Though written in an interesting way, the author's viewpoints clearly seem to be biased. About B. P. Koirala they write "Whatever will be the fate of democratic system in Nepal, B. P. will always be respected both by the Palace and by his people" (P. 76). Commenting on leaders like Tulsi Giri, Surya Bahadur Thapa, Vishwa Bandhu Thapa and Kirti Nidhi Bista, the authors call them "intelligent, active, ambitious and energetic leaders who strongly feel for their nation" and "who joined the Government as Prime Minister or Ministers or in any other capacities not for any selfish motive but to serve their country" (P. 77).

The book is full of careless mistakes, spelling mistakes, typographical errors, unverified information and glaring factual errors. The opening of each other's embassies in

Kathmandu and Washington in 1959 has been shown as the beginning of establishing diplomatic relations between the U S. A. and Nepal (p 63); whereas, the fact is that diplomatic relations between these two countries had been established as early as 1948. The authors have also been naive enough to translate political parties' proper names: and hence we find Gorkha Parishad becoming Gorkha Party and Praja Parishad turning into People's Party (p. 23).

Inspite of these defects the book would have been of great value to scholars on Nepal had the right approach been taken in planning this book. The book has attempted to present Nepal's relation with India and China after 1950. However, the book is primarily based on secondary sources of information like previously published literature and interviews with political leaders. This shortcoming would perhaps have been neutralized to some extent had the authors cared to draw on earlier works on the subject by eminent scholars and researchers like Leo E. Rose, Ramakant, S. K. Jha, S. D. Muni etc. unfortunately they chose not to. No attempt has been made to adopt an analytical approach to the subject. The net result is a book that is totally incapable of shedding any new light or throwing up any new ideas, explanations or outcomes. It is an absolutely amateurish work. Hence, from a scholastic point of view the book is valueless with no utility and broadly classified as a collection of general reading material on the subject.

The authors claim that this book is a continuation of Dr. Husain's earlier work mentioned previously in this review. One just wonders how this book, having nothing but journalistic value, could be treated as a continuation of a very well researched book based on original documents and confidential papers and having an immense academic value.

Professor Ahmad who wrote the forward to this book agrees that the book is meant only for the general reader and undergraduate students. Iagree fifty percent with the Professor. The book could perhaps be used by the general reade and I think it would almost be a crime to prescribe it to graduate and post graduate student, for, instead of increasing his knowledge it will only be a burden on his time,

It is very hard to believe that Dr. Husain would come out with such a sub-standard book. On the other hand it is also equally impossible to believe that a scholar of Dr.Husain's repute would risk his reputation by being associated with such a book just in order to make it more saleable.

**Niranjan Sharma.**

# Book Review

*Tribal social change In India* (1985) By K. L. Kothari, Udaipur: Himanshu publication, 146 pages, Bibliography and Index. price, Ic. Rs. 100,

K. L. Kothari's book *Tribal social* change in India deals with the Bhils of South Rajasthan. The Bhils who live in happy isolation with their] own mythology, tradition-bound customs, rituals and life style for centuries are now confronted with the problems of massive social change resulting from the opening of their isolated country through the introduction of development plans, education, new technology, in short, process of modernization. The present study begins with some questions as to what extent the tribals have been integrated in the national mainstream, Does there exist a gap between the model of a socity that the government has envisaged and the resultant existential tribal reality: or should we search for an alternative model ? The author's enquiry proceeds mainly on the basis of these and other similar basic questions and light is thrown with the help of empirical data collected from south Rajasthan,

The present book, divided into six chapters, gives a good account of tribal change brought about with the contact of the Hindus and by other means such as transportation, education, communication and development plans. The change is clearly visible among the Bhils who are contiguous to the Hindus of development-close areas or peri-urban areas whereas the Bhils of remote, interior parts and far-flung areas who are backward, stagnant and not in a position of transformation.

In the first chapter, the writer discusses theoretical bases and perspectives: Various models of tribal interation, isolation and synthesis have been discussed to develop an insi- ght in to the problem, First of all, the author records the population of tribals in India, at 38 million, the high being in Madhya Pradesh; Orissa; and Nagaland in comparision to Kerala or Tamilanadu which prior to the indepence were almost a closed system but suddenly exposed to forces released by the community development; urbanization, education and technology, in short to the process of modernization: This brought the tribal society in to contact with the wider society. In this regard, the author mentions models of tribal social change: one model is envisaged by the intelectuals and a nthropologists, the other which include



CS CamScanner

voluntary agencies is proposed and being implemented by the government However, the contact of tribals with the non-tribals started during the British period was through government bureucracy, forest guards, revenue officials, occasionally teachers' traders and money-lenders To measure the impact of secularism, modernization the equality with reference to the basic indicators of social change, the author has selelcted the Bhils who have embraced Bhagatism and possess urban characteristics; secondly the writer argues that the Bhils who are half-way to the road to integration are found in the proximity of town and administrative centres and the Bhils who reside in far-flung, areas lack external contacts. Methodologically, the remote village is taken as 'control unit' and sub-urban village is 'experimental' ones The author speaks of three agencies at work here; (i) the government along with its agencies of revenue. forest and police (ii) Hinduism and the traders and (iii) social workers who have endeavoured to bring about change among the tribals of this region.

In the second chapter, the author has given a vivid picture of the historical accounts of the Bhils which rotates round the principality of Mewar. The account makes it clear that "the Rajput victory was largely due to the weakness of the tribals who were scattered in different pockets unlike the Rajput who were organized and had an centralized authority" (p. 37) According to the author They were victim of exploitation of the tarders, high caste Hindus and Rajout chiefs. In spite of this, some social workers of the Rajasthan Seva Sangh entered the tribal areas to create an awareness among the Bhils..

In the third chapter, the author discusses the traditional occupation of agaiculture with reference to the introduction of new occupation and economic networks. According to the author, the Bhils have taken to agriculture as their main source of livelihood. The study shows that a backward tribal village would take only to subistence agriculture while the advanced one would take to more developed form of agriculture as an industry. The two advanced villages cited in the text are in constant interaction with the development and urban centres and have taken to lucrative cash crops such as ginger, garlic, etc. They are aware of improved of cultivation also. According to the author, the tribal areas have introduced a variety of economic ventures such as tailoring, official works, teaching, among others. These new professions have not only given new sources on income to the tribals but have also brought them closer to the woder spectrum of society. The tribals have been exposed to the influences of the Hindu jati system. But the Bhils of interior and remote parts live on the old pattern of production and consumption and follow the traditional way of life,

The main thrust of the fourth chapter is to find out as to what extent the Bhils main-



CamScanner

tain their ethnic entity and get incorporated in the regional and national mainstream. Acco-dring to the author, some of the social and cultural changes observed in the Bhils of three villages are due to changes in the economic and political life of the people in general. The forces or agents of change have affected the tirbal rituals and customs. In chapter five the political aspect of social change among the Bhils has been analysed. The author argues that only after independence they have assumed a new status and are supposed to be a part of the mainstream society. Their involvment and participation in the political system would bring them closer to the core of national life.

In the last chapter, the author deals with the perspectivs of social change with reference to the national mainstream. But the author confronts two problems: First, the problem of retaining of the special structural features of tribal society, and Second, tribal anxiety to join the mainstream nationl life. So as a solution to this problem he presents tribal model of social change which is predicated on the tribal inner structure,tribal religions, traditions and historic interpretatio. The author calls the government model of change as 'imported'. That is, he is not in favor of the present model and wants to bring them in the mainstream of national life without disturbing their social-cultural system and belief patterns.

In spite of Mr. Kothari's systematic and scholarly presentation on the statue of social change among Bhils his book is not free from various shortcomings. It is essential to point out a few of them. First of all, the author has repeated the same case of tribal exploitation by the Hindus and their own leaders (pp. 90, 129-130) Like this, he has also repeated his explanation of their old pattern of dressing and change in it (P. 90 and 112.) Thirdly the author's analysis on the primitive pattern of settlement of the Bhils (P. 96) is not relev-ant and suitable in reference to his discussion on socio-cultural aspect of change. It would have been appropriate to include this discussion in chapter two along with the description of social profile of the Bhils. However, the present book is a valuable contribution to the literature on tribal development. Mr. Kothari has not only given us a datailed information on different aspects of the Bhils in changing milieu but his suggestions for their development are important for government and planners to consider.

**Ganesh man Gurung**



CamScanner

# पुस्तक समीक्षा

**प्राचीन अर्थ व्यवस्था** (२०४३) लेखक-रमेश ढुङ्गेल, प्रकाशक: शारदाप्रसाद उपाध्याय ढुङ्गेल, काठमाण्डौ: पृष्ठ, २८८+परिशिष्ट, चित्रफलक, मूल्य-अनुल्लेखित, सजिल्द । अजिल्द

नेपालको इतिहास लेखन प्रक्रिया तुलनात्मक रूपले ज्यादै छोटो छ सन् १७९२ मा नेपाल आउने एक अंग्रेज सैनिक अधिकारी क्याप्टेन विलियम कर्कप्याट्रिकले दिएको ऐतिहासिक विवरण 'An Account of the kingdom of Nepal: 1811'' लाई 'इतिहास' मान्ने हो भने हाम्रो देशको इतिहासको प्रारम्भिक बिन्दु त्यहि नै हो । त्यसपछि पनि लामो समय सम्ममा जे जति इतिहासका पुस्तक लेखिए, प्राय: बिदेशीहरूकै हातमा सीमित रहे । उनीहरूले इतिहास लेख्दा नेपालको राजनैतिक, प्रशासनिक एवं समाजिक पक्षलाई नै बढि जोड दिएर लेखे । फल स्वरूप मुलुकको आर्थिक इतिहास लेखन प्रकृया एकदमै पछि पर्‍यो । श्री महेशचन्द्र रेग्मी जस्ता केही प्रातिष्ठित विद्वानहरूले आर्थिक इतिहासको क्षेत्रमा अवश्यनै अथक प्रयत्न गरेका छन्, तर उनीहरूको प्रयत्न पनि आधुनिक कालको आर्थिक इतिहासमा मात्र केन्द्रित रहेको छ । फलस्वरूप हालसम्म नेपालको प्राचीन तथा मध्यकालको आर्थिक स्थितिको अध्ययन हुन सकेको छैन । यस्तो अवस्थामा श्री ढुङ्गेलको प्रस्तुत पुस्तक यसै अभावको पूर्तिमा विशेष उल्लेख्य देखिन्छ ।

पाँच अध्यायहरूमा संगठित प्रस्तुत पुस्तकमा प्रथम र अन्तिम अध्यायहरूमा भूमिका र उपसंहार राखिएको छ भने बीचका अध्यायहरूमा विषयवस्तुलाई केन्द्रीयरूपमा राखिएकोछ । तथापि समग्रमा यस अध्ययनलाई दुई भागमा बाँड्न सकिन्छ (i) प्राचीन अर्थ व्यवस्था–व्यापार वाणिज्य, उद्योग, विनिमय, मुद्रा एवं अन्य आर्थिक कारोबार र (ii) प्राचीन नेपालको राजनैतिक एवं प्रशासनिक व्यवस्था । तर पनि अध्ययनको केन्द्र विन्दु चाहि प्राचीन अर्थव्यवस्थाका विविध पक्षलाईनै मानेको देखिन्छ ।

विषयवस्तुको थालनी ''भूमिका'' बाट भएकोछ र यसमा प्राचीन नेपालको सभ्यता र संस्कृतिको पुरातात्विक महत्वको चर्चागर्दै पुस्तकको अनुसन्धान विधिको चर्चा गरिएको छ ।

दोश्रो अध्यायमाचाहि व्यापार–विनिमय र अन्य आर्थिक प्रणालीको सैद्धान्तिक चिनारीका साथै हाम्रो



CamScanner

नेपालमा त्यसको प्राचीनता एवं संभाव्यता हिन्दू सभ्यताको आधारमा चर्चा गर्दै त्यसको प्राचीनता ईसाको प्रथम शताब्दि पूर्व सम्म पुर्‍याइएको छ । यसबाट नेपालको राजनैतिक इतिहास भन्दा आर्थिक इतिहास स्पष्टनै जेठो सिद्ध भएको छ । किनकी नेपालको प्रागऐतिहासिककाल देखि नै यहाँ आर्थिक गतिविधि तथा वस्तुवि निमयका कृया कलापहरू सञ्चालन भएका हुन् । वास्तवमा मानदेवको समयदेखिमात्र अभिलेखिक इतिहास प्राप्त भएको भएता पनि ईशापूर्व अर्थात करीब बुद्धाकालदेखिनै यस क्षेत्रमा सामाजिक बसोबास प्रारंभ भएको र त्यसै वखतदेखिनै यहाँ व्यपार वाणिज्य सम्बन्धी गतिविधिहरू सञ्चालन भइसकेको तथ्य कौटिल्यको अर्थशास्त्रले पेश गर्दछ । त्यसमा नेपालबाट मौर्य साम्राज्यतर्फ निकाशीहुने ऊनीका कम्बलहरुको चर्चा गर्दै भारतीय बजारहरूमा त्यसको प्रचलन रहेको उल्लेख छ । साथै, यस तथ्यको पुष्टी जैन धर्मग्रन्थ "बृहतकल्पसूत्र भाष्य" को अतिरिक्त प्राचीन भारतीय आहात मुद्रा काठमाण्डौमा पाइएको सन्दर्भबाट पनि पुष्टि भएको चर्चा पुस्तकमा बढो कलात्मक ढङ्गबाट गरिएको छ ।

व्यापार तथा विनिमयमा अहम् भूमिका राख्ने मुद्रा प्रणाली: किसिम, मूल्य, र एकाई आदिका विषयमा पनि पुस्तकले रोचक विश्लेषण द्वारा केही नयां जानकारी अगाडी ल्याएको छ । लिच्छविकालका विभिन्न अभिले-खहरूमा पण, पणपुराण, द्विपण, कार्षपण र पुराण आदि नामहरूबाट विभिन्न समयमा प्रचलित विभिन्न किसिमका मुद्राहरूकोबारेमा उल्लेख गरिएको पाइएतापनि तिनको समूचित अध्ययन हुन सकेको थिएन । अतः लेखकले त्यसको विश्लेषणात्मक अध्ययनबाट ती मुद्राहरूको नाप तौल आदि समेतको जायजा दिएकाछन् । यसबाट लिच्छ-विकालिन मुद्रा १ पण भन्नाले १ पैसा बुझिएकोछ भने एक कार्षपणले ४ आना (१६ पैसा) र ४ कार्षपण बराबर १ पुराण हुन आउंछ । यसबाट लेखकको कुन निस्कर्ष आएको छ भने लिच्छविकालिन मुद्रा पद्धतिमा पण भन्नाले पैसा, कार्षापणले सुका र पुराण भन्नाले रूपियालाई बुझाउंथ्यो । यस सन्दर्भमा एउटा नयाँ र थप जानकारि के आएको छ भने लिच्छविकालमा मुद्रा ढाल्नमा प्रयोग हुने धातु तामा मात्र थिएन, बरु तामाको अतिरिक्त सिसा र मिश्रित धातु प्रयोग गरेर पनि एक प्रकारको मुद्रा ढालिन्थ्यो । मुद्राहरू मा मानाङ्क, वैश्रवण, अंशुबर्माका मुद्रा, गुणाङ्क र पशुपति मुद्रा आदि चर्चामा परेका छन् ।

लिच्छविकालमा वस्तु तथा मुद्रा विनिमयबारे चर्चा गर्दा लेखकले प्रकाशित स्रोतको आधारमा त्यसबेलाको प्रशासनिक र दण्ड व्यवस्था आदिबारे पनि चर्चा गरेकाछन् । साथै प्राचीन आर्थिक प्रशासनसंग सम्बन्ध राख्ने शौल्किक, गौल्मिक जस्ता भन्सार अड्डाहरू एवं ती अड्डा र चौकीहरूमा कार्यरत कर्मचारीहरूबारे पनि जानकारी दिन खोजिएको छ साथै, वस्तुहरूमा लाग्ने कर प्रणालीबारे पनि चर्चा गरिएको छ । चर्चामा "त्रिकर" (भाग, भोग र कर), र स्थानिय कर प्रथाको प्रचलन रहेको उल्लेख गरिएकोछ । नेपाल कृषि प्रधान मुलुक भएपनि अद्यापि यसले आफ्नो गौरवमय प्राचीन कृषि व्यवसायको परंपरालाई लिपिबद्ध गर्न सकेको देखिदैन । तर लेखकले राम्रो संग प्राचीन नेपालको व्यवसायबारे चर्चागर्दै लिच्छविकालमा सरकार तर्फबाट कुलो, नहर आदिको व्यवस्थाकालागि प्रयक प्रयास गर्ने गरेको र त्यसलाई "तिलमक" भनी सो को मर्मत, संभार तथा निर्माणको निमित्त निश्चित जग्गा छुट्याई कुतबाट काम चलाउने प्रचलन रहेको चर्चा गरिएको

छ । साथै कृषि कार्यबाट उत्पादित अन्नहरू वस्तु विनिमयको रूपमा प्रयोग हुने र तिनको नाप-जोखको निम्ति ढक तराजु र माना पाथीको रूपमा मानिका, कुडव र मुहूप्रस्थ आदिको व्यवस्था भएको पनि उल्लेख गरिएको ।

पुस्तकको चौथो अध्यायमा लिच्छविकालिन् उद्योग धन्दा तथा व्यापार-वाणिज्यबारे चर्चा गरेको छ। यसै अध्यायमा प्राचीन नेपालको वाणिज्य-व्यापार एवं उद्योगको क्षेत्रमा गौरवशाली उपलब्धिहरू हासिल गरेको बारे बिभिन्न बिदेशी दृष्टान्तहरू (चिनिया ताङ वृतान्त जस्ता), प्राचीन यात्रुहरूका व्याख्याहरू (पाँचौ र सातौं शताब्दीका प्रसिद्ध चिनीया यात्री फाइहयान र हुएन साङ्) बाट झल्किएका तथ्यहरूलाई प्रस्ट्याउने प्रयत्न गरिएको छ।

लिच्छविकालीन शासकहरूले पहिरिने हिरा-मोती, माणिक्य केयुर र नुपुर आदि बहुमूल्य धातुहरूले नेपाल सुसम्पन्न भएको तथ्य रहेको पर्याप्तबाट त्यो बेला मुलुकको वाणिज्य-व्यापार र उद्योग धन्दा अवस्य नै विकसित अवस्थामा रहेकोमा शंका लिने ठाउँ छैन। लेखकको बिचारमा "त्यस बखत देशलाई आवस्यक पर्ने धेरै जसो वस्तुहरू मुलुक भित्रै उत्पादन हुन्थे र यी वस्तुहरूको आन्तरिकरूपमा देश भित्रै पनि बिक्री वितरणको परंपरा प्रचलित थियो।" साथै,देश बाहिर पनि व्यापार चल्दथ्यो। यस प्रयोजनका निम्ति राजमार्गहरू (?) रत्न संघ, प्रमुसंघ जस्ता व्यापारिक यात्रीहरू, देवपाटन, विष्णुपादुका चापागाउं, रसुवाको गोम्पोजोङ्, युपग्रामद्रङ्ग (हालको ललितपुर, मंगलबजार) र कोलीग्राम (हालको काठमाण्डौको मध्य क्षेत्रतिर)जस्ता प्रमुख व्यापारिक स्थलहरू र यातायातका साधनहरूको चर्चा गरिएको छ। त्यसबेला राजमार्गकोरूपमा प्रचलित "रथ्या" १६ हात फराकिलो हुने हुँदा "महारथ्या" त्यो भन्दा पनि विस्तृत हुने विचार लेखकको रहेको छ। त्यसबखत व्यापारिक क्रियाकलापको निमित्त "सार्थवाह" ले नाइकेकोरूपमा काम गर्थे। साथै, यस सम्बन्धमा लेखकको के स्वीकारोक्ति रहेको छ भने लिच्छविकालीन राजनैतिक इतिहासनै स्पष्ट नभइसकेको अवस्थामा अन्य स्थितिबारे सम्पुर्ण रूपमा किटेर भन्न सकिने स्थिति रहदैंन। तथापि प्राचीन नेपालको नाप तौल व्यवस्थाबारे पनि चर्चागर्दै यसबारे यथेष्ट बन्दोवस्त भएको र त्यो विकासोन्मुख स्थिति नेपाली सभ्यताको सूचक रहेको विचार लेखकको रहेको छ। नापतौल बारे चर्चागर्दा यस अघि लिच्छविकालीन् नापको इकाई "मानिका"लाई 'मानो' कोरूपमा व्याख्या गर्दै आएको विचारलाई खण्डन गरी वस्तुतः त्यो आजभोलिको पाथी एवं मन (?) भन्दा ठूलो रहेको नयाँ विचार दिइएको छ।

लेखकले प्राचीन नेपालको विस्तृत व्यापारिक सम्बन्धको चर्चागर्दै त्यो अरबी मुलुकहरूसम्म पुगेको प्रमाण प्रस्तुत गर्न खोजेकाछन्। यसबाहेक नेपालको तिब्बत संग औपचारिक सम्बन्ध स्थापित भई (सातौं शताब्दीको प्रथम चौथाई) यसै बेलादेखि नेपाल भएर भारतीय व्यापारीहरू चीनसम्म पुग्ने प्रक्रियाबारे पनि रोचक प्रस्तुतीकरण गरिएको छ। यसबाट सातौं शताब्दीको प्रथम चौथाईसम्म नेपाली वा भारतीयहरूले तिब्बतकोबाटो भएर प्रत्यक्ष चीनसम्म जाने बाटोको आविस्कार नभइसकेको स्पष्ट हुन्छ किनकी यो तथ्य पाचौ शताब्दीको प्रारंभमा भारत लगायत नेपालको कपिल वस्तु सम्म यात्रागर्ने प्रसिद्ध चिनीयायात्री फाहियानले गोबी मरुभूमिको छेउछाउबाट भ्रमण शुरुगरी जाभा-सुमात्रा हुदै जहाजबाट चीन फर्किएको वृतान्तबाट पुष्टि हुन्छ। त्यस्तै, यसै

दशकमा नेपाली राजकुमारी भृकुटी र तिब्बती राजा स्रङचङगम्पो एवं यसको दुईवर्षपछि पुनः स्रङचङगम्पोको चीनिया राजकुमारीसंग वैवाहिक सम्बन्ध स्थापित भएकोले सांस्कृतिक आधारमा राजनैतिक सम्बन्धलाई आधार मिलेको चर्चा गरिएको छ । भारतसंगको सम्बन्ध पनि सांस्कृतिक एव व्यापारिक संदर्भ मैं उठेको चर्चा लेखकले गरेका छन् ।

परिशिष्टमा लेख्यमा प्रयोग गरिएका लिच्छविकालिन् अभिलेखहरू र प्राचिनतम् महत्वपूर्ण वस्तीहरू सम्बन्धमा चर्चा गरिएको छ । साथै, नेपाल र भारतका प्राचिनतम शहरहरूको जुन चर्चा गरिएको छ, यसबाट ती स्थानहरूको ऐतिहासिक–भौगोलिक चिनारी ग्रहण गर्नमा ठूलो सहयोग पुगेको छ । यसै अध्यायमा लिच्छवि मुद्रा बारे लेखकले प्राप्त गरेको थप तथा नयाँ जानकारीबारे पनि उल्लेख गरेको छ ।

समग्रमा, प्राय-प्रकाशित अभिलेख तथा कृतिहरूकै आधारमा कृति तयार गरिएको भएता पनि अन्य केही मुद्रा सामाग्री र अभिलेखहरूकै गहनतम् अध्ययनबाट लेखकले यस पुस्तकलाई झण्डै पूर्णरूपमा अनुसन्धानात्मक रूप दिने जुन वैशिष्टता देखाएका छन्, त्यो निश्चय पनि प्रशंसनियछ । यद्यपि पुस्तकमा केही कमजोरी एवं बिवाद-स्पद बिचारहरू पनि रहेका छन् । उदाहारणार्थ १६ हात भन्दा विस्तृत चौडाई भएको पथ-महापथ, जसमा बयलगाडासम्म चल्न सक्थ्यो, को अस्तित्व कसरीलोप भएर गयो ? कामरूप र कतुपुर नेपालको प्राचीनतम सिमाना रहेको तथ्य पौराणिक एवं इलाहावादको अभिलेखले प्रायः पुष्टि गरिसकेको भएर पनि नेपालका कपिलबस्तु, लुम्बिनी, जनकपुर जस्ता क्षेत्रहरूको राजनैतिक अस्तित्वबारे विवाद खडागर्न खोज्नु, नेपालको संस्कृतिलाई भारतको भन्दा भिन्न नदेख्नु र नाप तौल व्यवस्थालाई सभ्यताको सम्पन्नताको सूचक मान्दै त्यसपूर्वको सभ्यताको संभावनालाई इन्कार गर्न खोज्नु लेखकका उल्लेखनीय कमजोरी हुन् । हुनत यी तथ्यहरूलाई अघि ल्याउंदा लेखकले अभिलेखहरू र अन्य प्रकाशित सामाग्रीहरूकै सीमाभित्र रहेर ल्याएकाछन्, तथापि इतिहास विकासको क्रमलाई पनि केही मूल्य दिनु पर्थ्यो ।

निष्कर्षमा यस कृतिबाट मुद्रा, व्यापार–वाणिज्य र प्राचीन नापतौलको साथै प्राचीन मौद्रिक इकाई र तिनको मूल्य विषयमा प्रमाणिक र नयाँ विचार आएको छ । साथै, परिशिष्टमा उल्लेखित पूर्व मध्यकालका मुद्रा विषयक अध्ययनमा नयाँ सामाग्री थपेको छ। आज दारूण र भयवित अवस्थामा आर्थिकरूपले दीन हीनः अवस्था मा रहेको देशको प्राचिनतमा अर्थ व्यवस्था व्यवस्थित् एवं उन्नतशिल अवस्थामा रहेको तथ्यलाई विश्लेषणात्मक एवं अनुसन्धानात्मक रूपमा प्रस्तुत गरीमुलुकको प्राचीन आर्थिक इतिहाससंग जोड्ने जुन कार्यको थालनी भएको छ, त्यो अवश्यनै प्रशंशनीय मान्नु पर्छ । अस्तु

**सुरेन्द्र के० सी०**